# ललितपुर सानागाउँको ऐतिहासिक तथा सांस्कृतिक अध्ययन

त्रिभुवन विश्वविद्यालय
मानविक तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत
नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विषयमा
स्नातकोत्तर उपाधिको आंशिक
परिपूर्तिका निम्ति प्रस्तुत

## शोध-पत्र

शोधकर्ता
**लक्की योञ्जन**
त्रि.वि. दर्ता नं. ७-२-२५६-३०-२०६
नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग,

काठमाडौँ
२०८०

## शोध निर्देशकको सिफारिसपत्र

त्रिभुवन विश्वविद्यालय, मानविक तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली इतिहास, संस्कृति तथा पुरातत्व स्नातकोत्तर तहको शोधपत्र प्रबन्धको पाठ्यक्रमको परिपूर्तिका लागि यस केन्द्रीय शिक्षण विभागका विद्यार्थी लक्की योञ्जनद्वारा प्रस्तुत **"ललितपुर सानागाउँको ऐतिहासिक तथा सांस्कृतिक अध्ययन"** विषयक शोधपत्र मेरो निर्देशनमा तयार भएको व्यहोरा प्रमाणित गर्दै आवश्यक मूल्याङकनका लागि सिफारिस गर्दछु ।

...................

डा. पशुपति न्यौपाने

नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय शिक्षण विभाग

त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर

मिति : 2080/04/24

टेलिफोन नं. ०१-४३३१९७६

त्रिभुवन विश्वविद्यालय
नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व
केन्द्रीय विभाग
विभागीय प्रमुखको कार्यालय

कीर्तिपुर
काठमाडौं, नेपाल

प.सं.
च.नं.

मिति:-२०८०/०५/०८

## शोधप्रबन्धको स्वीकृति

श्री लक्की योञ्जनद्वारा पेश गरिएको "ललितपुर सानागाउँको ऐतिहासिक तथा सांस्कृतिक अध्ययन" शीर्षकको प्रस्तुत शोधप्रबन्ध त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व विषयको स्नातकोत्तर उपाधिको आंशिक परिपूर्तिका निमित्त स्वीकृत गरियो ।

..............................
(डा. पशुपति न्यौपाने )
शोध निर्देशक

..............................
(डा. महेशराज दाहाल )
बाह्य परीक्षक

..............................
(प्रा. डा. सोमप्रसाद खतिवडा)
विभागीय प्रमुख

E-mail: nehcadepartment@gmail.com

## प्रतिबद्धता-पत्र

त्रिभुवन विश्वविद्यालयको नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभागबाट स्नातकोत्तर तहको उपाधि प्राप्तिका लागि **"ललितपुर सानागाउँको ऐतिहासिक तथा सांस्कृतिक अध्ययन"** शीर्षकमा डा. पशुपति न्यौपानेको शोध निर्देशनमा तयार पारिएको यो शोधपत्र मेरो मौलिक लेखन भएको र कुनै पनि उपाधिका लागि अन्य विश्वविद्यालय वा प्राज्ञिक संस्थामा पेस नगरेको घोषणा गर्दछु ।

.....................

लक्की योञ्जन

शोधार्थी

मिति : २०८०-०४-२४



iii

## कृतज्ञता ज्ञापन

प्रस्तुत शोध-पत्र कार्यमा आवश्यक सल्लाह सुझाव एवम् अमूल्य समय दिनुहुने शोध निर्देशक त्रि. वि. नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभागका डा. पशुपति न्यौपानेलाई हृदयदेखि नै कृतज्ञता ज्ञापन गर्दछु । साथै त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विभागका तत्कालीन विभागीय प्रमुख प्रा. डा. मदनकुमार रिमाल र वर्तमान विभागीय प्रमुख प्रा.डा. सोमप्रसाद खतिवडालाई धन्यवाद ज्ञापन गर्दछु ।

प्रस्तुत शोधका लागि सानागाउँको सिमाना सम्बन्धी जानकारी दिईसहयोग गर्नुहुने स्थानीय बासिन्दा एवम् पूर्व वडाध्यक्ष बासुदेव महर्जन प्रति कृतज्ञता ज्ञापन गर्दछु । त्यसै गरी तथ्याङ्क सङ्कलनमा सहयोग गर्नहुने र विना खड्का, दिपेश राज शर्मा र निरज लामालाई विशेष धन्यवाद दिन चाहन्छु । यसै क्रममा अभिलेखहरूको लिप्यान्तर गर्न सहयोग गर्नुहुने आदरणीय गुरु नयननाथ पौडेलज्यूलाई हृदयदेखि विशेष धन्यवाद दिन चाहन्छु ।

प्रस्तुत शोध-पत्र तयार पार्न हरेक पलमा हौसला दिनुहुने विशेषतः बुबा मोहनकुमार तामाङ, आमा शोभा जोशी तथा दाजु दिनी तामाङलाई धन्यवाद दिन चाहन्छु । श्रीमान् निरज लामा यसका अलावा प्रस्तुत शोध-पत्र तयार पार्न प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग गर्नुहने सबैमा धन्यवाद दिन चाहन्छु ।

लक्की योञ्जन

# शोधसार

"सानागाउँको ऐतिहासिकता र संस्कृतिको अध्ययन" शीर्षक रहेको यस अध्ययनमा सानागाउँ नामन यँप्रचलनमा आएको नाम देखिन्छ साथै अर्को 'सिद्धिपुर' नाम पनि ने.सं. १००० को हाराहारी देखि मात्र प्रचलनमा आएको कुरा अभिलेखहरूले बताउँछ । यसको पुरानो नाम *थसि* रहेको अभिलेखहरू प्रशस्त पाइएको हुनाले पहिले *थसि* नामले नै चिनिने गरेको प्रस्ट हुन्छ ।

यहाँ रहेका गणेश मन्दिर, महाकालको मन्दिर र कौमारीको मन्दिर धेरै पुराना देखिन्छन् भने महाकाललाई पछिल्लो समयमा भैरव भनीपूजा गर्ने गरेको देखिन्छ । गणेश मन्दिर यथावत् देखिन्छ भने कौमारी मन्दिरलाई *नासद्यः* कारूपमा पनि लिइने गरेको देखिन्छ । सबैभन्दा बढी शिलापत्र र ताम्रपत्र महाकालको देखिन्छ भने तत्कालीन समयका राजा योगनरेन्द्र मल्लको पालामा जीर्णोद्धार गरेको पाइन्छ । भारोहरू र भावोहरू दुवैले मन्दिरको जीर्णोद्धारमा भागलिएको देखिन्छ भने बालकुमारी जात्राका लागि गुठीको व्यवस्था गरेको देखिन्छ । यो जात्रा अहिलेसम्म पनि निरन्तर अघि बढेको देखिन्छ ।

यहाँको पुरानो चैत्य कुनहो भन्ने प्रष्ट नभएपनि *तधःननि* टोलको चैत्य र पिननी टोलको चैत्य पुरानो देखिन्छ । शिलापत्रमा उल्लेख भए अनुसार *खवाहर* विहारको समीपमा चैत्य बनाइएको भन्ने उल्लेख हुनुले *खवाहर* विहार *थसि*मा थियो भन्ने ऐतिहासिक तथ्य प्राप्त भएको छ । तर अहिले *खवाह र* विहारको अस्तित्व देखिँदैन ।

प्रशस्त चैत्यहरू निर्माण हुनुमा मानिसहरूको धर्मप्रतिको अनुराग मान्नु पर्दछ । यहाँ कुनै पनि व्यक्तिले कुनै राम्रो कार्य गरेपछि चैत्य निर्माण गर्ने संस्कार बसेको देखिन्छ । तत्कालीन समयको पानीको अभावपूर्तिका लागि यहाँ इनार खन्ने र पानीप्राप्त गर्ने गरेको देखिन्छ । सानागाउँ पाटीपौवामा पनि धनी देखिन्छ । अहिले यी पाटीहरू भजन खलःमा परिणत भएको देखिन्छ ।

सानागाउँको चार ढोकाको अस्तित्व प्रायःलोप भइसकेको छ । नेवारहरूको बस्ती सानागाउँमा महर्जन, नेमकुल थरीका मानिसको बाक्लो उपस्थिति देखिन्छ भने उनीहरू पाटनबाट आई बसोबास गरेको विभिन्न अभिलेखहरूले प्रस्ट पार्छ । करिब ४ सय ५० वर्षअघिको इतिहास बोकेको सानागाउँलाई आदिनाथसँग पनि जोडेर हेरेमा अत्यन्तै प्राचीन बस्तीका रूपमालिन सकिन्छ तर अझै पुरानो इतिहास पत्ता लगाउन त्यहाँका *वैद्यख्यः, क्वाठ* आदि स्थानहरूमा उत्खनन् गरेमा ठोस प्रमाणहरू पाउन सकिने देखिन्छ ।

सांस्कृतिक नगरका रूपमा दाबी गरिने सानागाउँको परालबाट उत्पादित वस्तुहरूको उचित बजार व्यवस्थापन र यहाँको जात्रा र संस्कृतिलाई जगेर्ना गर्न सकेमा पर्यटकीय क्षेत्र बनाउन सकिने देखिन्छ ।

# विषय सूची


| शीर्षक | पन्ना |
|---|---|
| शोध निर्देशकको सिफारिश-पत्र | i |
| प्रतिबद्धता-पत्र | ii |
| कृतज्ञता ज्ञापन | iii |
| शोधसार | iv |
| नक्सा | x |
| **अध्याय एक** | |
| **अनुसन्धानको परिचय** | **१-७** |
| १.१ परिचय | १ |
| १.२ समस्या कथन | २ |
| १.३ अध्ययनको उद्देश्य | २ |
| १.४ अध्ययनको महत्व | २ |
| १.५ पूर्व साहित्य समीक्षा | ३ |
| १.६ अध्ययनको सिमा | ५ |
| १.७. अध्ययन पद्धति | ५ |
| १.७.१ प्राथमिक स्रोत | ५ |
| १.७.२ द्वितीयक स्रोत | ६ |
| १.८ अनुसन्धानको औचित्य | ६ |
| १.९ अनुसन्धानको रूपरेखा | ६ |
| **अध्याय- दुई** | |
| **सानागाउँको परिचय** | **८-२९** |
| २.१ सानागाउँको नामकरण | ८ |
| २.२ सानागाउँकोबस्तीर अवस्थित | ९ |
| २.२.१. इतिहास | ९ |

२.३ सानागाउँको संस्कृति १३

२.३.१. अमूर्त संस्कृतिहरू १३

२.३.२. मूर्त संस्कृति २३

**अध्याय- तीन** **३०–३८**

**अभिलेखको वर्णन**

३.१ मन्दिरको आधारमा अभिलेख ३०

३.१.१ *नासः द्यः*बालमारी देवननी टोल ३०

३.१.२ भैरव *थानः भैल द्यः* ३१

३.१.३ देवननी गणेश मन्दिर ३१

३.१.४ भीमसेन *द्यः* ३१

३.१.५ *तधःननि*को सानो मन्दिर ३१

३.२ चैत्य ३२

३.२.१ *यंगल* टोलको चैत्य ३२

३.२.२ *गछें* (इगमुग)चैत्य ३२

३.२.३ *चि वहाः* टोलको चैत्य ३२

३.२.४ छाउनी टोलको चैत्य ३२

३.२.५ छाउनी टोलको चैत्य ३३

३.२.६ *खुसिलँ*टोलको चैत्य ३३

३.२.७ *ल्याव* टोल (रामढोका)को चैत्य ३३

३.२.८ *न्हूँपुखु*टोल(देवननी टोल)को चैत्य ३३

३.२.९ सिद्धेश्वर *माःद्यः* टोल (देवननी)को चैत्य ३४

३.२.१० *भिन्द्यः* टोलको चैत्य ३४

३.२.११ *पिःननि*टोलको चैत्य ३४

३.२.१२ *वरपाचो*टोलको चैत्य ३४

३.२.१३ *चनाचो*टोलको चैत्य ३४

३.२.१४ *चोल्चा*टोलको चैत्य ३५

३.२.१५ *तधःननि*टोलको चैत्य ३५

३.२.१६ *तधःननि*टोलको चैत्य ३५

**३.३ पाटी** **३५**

३.३.१ *फोंगास*को पाटी ३५

३.३.२ *यंगल* टोलको पाटी ३६

३.३.३ *यंगल* टोलको पाटी ३६

३.३.४ *यंगल* टोलको पाटी ३६

३.३.५ *यंगल* टोलको पाटी ३६

३.३.६ *इगसुग (गछें)* टोलको पाटी ३७

३.३.७ *धःसि* टोलको पाटी ३७

३.३.८ *गछेँ*को पाटी ३७

३.३.९ रामढोका *धःसि* टोलको पाटी ३७

३.३.१० *देवननि* टोलको पाटी ३७

३.३.११ *ताहाः सतः* देवननी टोल ३८

३.३.१२ *पिननि* टोल ३८

३.३.१३ *ढुंगाल* टोलको ३८

**अध्याय चार** **३९–५९**

**अभिलेखको अनुवाद**

४.१. देननिटोल नित्यनाथका देवलमा रहेको शिलापत्र ३९

४.२. देननिटोल महाकाल देवलको अभिलेख ४०

४.२.१ भित्रीमन्दिरको शिलालेख ४०

४.२.२ बाहिरी बायाँभित्ताको मन्दिरको अभिलेख ४१

४.२.३ देननिटोल महाकाल देवलको ताम्रपत्र ४२

४.२.४ देननिटोल महाकाल देवलकोताम्रपत्र ४३

४.२.५ देननिटोल महाकाल देवलकोताम्रपत्र ४४

४.३ गणेशमन्दिर ४५

४.३.१ दायाँतर्फको शिलालेख ४५

४.३.२ अर्को दायाँतर्फ रहेको शिलापत्र ४६

४.३.३ शिलालेख धनवज्र बज्रचार्यको (हालनभएको) ४७

४.३.४ मन्दिरको दायाँभित्तामाथिको ताम्रपत्र ४८

४.३.५ ताम्रपत्र ४९

४.३.६ ताम्रपत्र ४९

४.३.७ गणेश मन्दिरको ताम्रपत्र ५०

४.४ *तधःननि*का सानामन्दिर ५०

४.४.१ शिलालेख ५०

४.४.२ शिलालेख ५१

४.५ *तधःननि*को चैत्य ५२

४.६ *तधःननि*को चैत्य ५२

४.७ *फल्चाः*यंगल टोल ५४

४.८ *फल्चाः*यंगल टोल ५५

४.९. *फल्चाः* रामढोका *धःसि* टोल ५६

४.१० रामढोका धसी टोल फल्चा ५६

४.११ ढुंगाल टोलको फल्चा (हालनभएको) ५७

४.१२ *पिःननि* चैत्य अगाडि रहेको पाटी ५८

४.१३ ताम्रपत्र मणिदाफाखलः ५९

**अध्याय- पाँच**

**निष्कर्षर सुझाव** **६०–६३**

निष्कर्ष ६०

सुझाव ६३

**सन्दर्भ सामग्रीहरू** **६५**

अनुसूची १ ६७

अनुसूची२ ६९

**तस्बिरहरू** **७०**

सानागाउँका धरोहरूको नक्सा




महालक्ष्मीनगरपालिका वडा नं. ६ को नक्सा



Map of Study Area Sanagaun
Malaxmi Municipality, Ward No. 6
Legend
Village Name
Palika Boundary
Ward Boundary

# अध्याय एक

# परिचय

## १. परिचय

ललितपुर जिल्ला महालक्ष्मी नगरपालिकाको दश वटा वडाहरु मध्ये वडा नं. ६ मापर्ने सानागाँउ नामले सानोगाउँ भएतापनि इतिहास तथा संस्कृतीमा यसको ठूलो महत्व रहेको छ । सानागाउँलाई सिपूर, थसी,तथा सिद्धिपूर नामले समेत सम्बोधन गरेको पाइन्छ । सानागाउँ र सिद्धिपूर नयाँ नाम हुन् । सानागाउँको पूर्वमा लुभु, दक्षिणमा गोदामचौर र पश्चिममा हरिसिद्धि र इमाडोल छ भने उत्तर तर्फ टिकाथली पर्दछ । सानागाउँ वरिपरिको छिमेकी गाउँ भन्दा सानो र बस्ती धेरै पातलो भएको हुनाले सुरुमा सानागाउँ हुन गएको मानिन्छ । यसलाई सिद्धिपुर भनिनुमा त्यहाँ रहेको एउटा शिलालाई शिद्धेश्वर महादेव भनिने गरिएको र सोबाट नै सिद्धिपुर भन्न थालेको देखिन्छ । स्थानीयका अनुसार सानागाउँ र सिद्धिपुर नयाँ नाम भएकोले इतिहासमा उक्त नामहरु उल्लेख गरेको पाइएको छैन । यस ठाउँलाई विभिन्न समय अनुसार विभिन्न नामले चिनिदै आइरहेको छ । गाउँका मानिसहरूले आफ्नो गाउँमा पराल सजिलै सँग पाउने भएकोले सोको उपयोग गरेर आफ्नो सिप र ज्ञानले परालालाई सुकुलको रुपमा निर्माण गर्दै आएका छन् । (तस्विर नं. १) यसैका कारण सानागाउँ सुकुलको लागि निकै प्रसिद्ध रहेको र सुकुलको गाउँ भनेर देशभरि नै चिनिन्छ । यसगाउँमा अधिकाशं नेवार समुदायको बसोबास रहेको छ ।

नेपालभाषामा‘थसी’भनेको सल्लाको रुख भन्ने बुझिन्छ र ऐतिहासिक समयमा यस ठाउँमा अत्याधिक सल्लाको रुख पाइन्थ्यो । बस्ती बढ्दै गएपश्चातयही रुखको नामवाट ‘थसी’हुनगएको भन्ने किंबदन्ती रहेको पाइन्छ (महर्जन, २०६६) ।त्यस्तै पाटन क्षेत्रमाअत्याधिकभोटेहरु आक्रमण हुने गरेको र नजिकको पाटन शहरका मानिसहरु आफ्नो ज्यानबचाउनकालागिसानागाँउमा वस्न आउँदायस ठाउँमानबस्नु भन्दा कसैको कुरा नसुनेर मरे आफै मर्ने भन्ने नेवारभाषामा अर्थ अनुसार'सिसा थसी'भन्ने गरेकोले पछिथसीनामाकरण भएको भन्ने किंवदन्ती  छ । गढ बनाउने प्रचलनप्राचिनकालदेखि नै रहेको पाइन्छ । उक्त

सल्लाको रुख (नेवारीमाथसी) को जङ्गल, गढ वादुर्गबनाइएको कारण यस ठाउँको नामथसी रहनगएको हो भन्ने पनिकिवंदन्तीमाउल्लेख गरेको पाइन्छ (महर्जन, २०६६)।

सानागाउँमाधेरै ढुंगा तथातामाका अभिलेखहरु भेट्न सकिन्छ जसमध्ये केहि शिलापत्रहरुको मात्रअध्ययनगरिएको पाइन्छ । अध्ययनभएका अभिलेखहरु पुरातात्विकमहत्वकोरहेको कारण यसको अध्ययनआवश्यक रहेको छ ।अभिलेखकाआधारमास्थानीयबासिन्दाको संस्कृतिदेखि यहाँ घटनाक्रमहरु अभिलेखीकरण गर्नुपर्ने साथै ऐतिहासिक र सांस्कृतिकमहत्वलाई उजागर गर्न यसशोधपत्रतयार गरिएको छ ।

## १.२ समस्याको कथन

सानागाउँमा धेरै अभिलेखहरु भेटिन्छन्जस्को वास्तविकअध्ययन अनुसन्धानगरि इतिहास र संस्कृतिकाविभिन्नपक्षहरुकोउजागर गरि जनमानसमापुऱ्याउन सकेमायसको सौन्दर्य र महत्वअझ बढी हुनेभएकाले अध्ययनका समस्याहरु निम्न रहेका छन् :

१. सानागाउँको वस्तीतथाजनजीवनकोअध्ययनन्यूनभएकाले ।

२. सानागाउँमाप्रशस्त अभिलेखहरुमध्ये सय वर्ष भन्दापुराना २४ वटा अभिलेखहरुमध्ये २१ वटा अभिलेखहरुको अध्ययनहाल सम्म नभएको देखिएकोले ।

३.सानागाउँको मूर्त तथाअमूर्त संस्कृतिको अध्ययनभएको नदेखिएकोले ।

## १.३ उद्धेश्य

ललितपुर सानागाउँको ऐतिहासिकतथा सास्कृतिकअध्ययन'शीर्षक शोधकानिम्न उद्धेश्यहरु छन् :

१. सानागाउँ बस्तीतथाजनजीवनको अध्ययन गर्ने

२.प्रशस्त रुपमा अभिलेखहरु भेटिएको जस मध्य सय वर्ष पुरानालगभग २४ वटाअभिलेखहरुमध्य २१ वटा अभिलेखको अध्ययन गर्न

३.सानागाउँको मूर्त तथाअमूर्त संस्कृतिको अध्ययन गर्ने ।

## १.४ अध्ययनको महत्व

सानागाउँमा भेटिएका अभिलेखहरु मध्ये केहिको मात्रअध्ययनभएको पाइएको छ । अतः प्रस्तुतविषयमाअनुसन्धानले सानागाउँका अभिलेखहरुको अध्ययन गरी उजागर गर्नका साथै यस अनुसन्धानबाट स्थानीयबासिन्दाहरुको जनजीवन, रहन सहनतथा सास्कृतिकपक्षबुझ्न, अध्ययन गर्न तथा परिचित गर्न सहजहुनेछ । सानागाउँ सँग प्रत्यक्षअप्रत्यक्ष सम्बन्धवा सरोकार राख्ने हर पक्षतथानिकायलाई प्रस्तुतअध्ययनले योगदानपुर्‍याउनेछ ।

सानागाउँको विविधपक्षलाई समेतिअध्ययन गर्न चाहने अनुसन्धानकर्तालाई योगदानमिल्नेछ ।

## १.५ पूर्व साहित्यको समीक्षा

**स्वयम्भू महापूराण**मा आदिनाथको उल्लेख गर्दा अजयपूरीबाट ल्याइएको वर्णन गरिएको पाइन्छ जसले थसीको प्राचीननामअजयपूरी पनिहुन सक्ने देखिन्छ तर प्रमाण भेटिएको छैन । बहिद्यःख्यःलाई अहिले पनिजनबोलीमाआदिनाथको मन्दिर रहेको स्थानभनिने र यहाँका नेम्कुलहरु अहिलेसम्म पनिआदिनाथको जात्राको समयमाअनिवार्य रुपमाजानुपर्ने भएकोले अजयपुरी भनेको नै सानागाउँहो कि भन्ने तर्क प्रस्तुत गर्न सकिन्छ ।

**बज्राचार्य (२०५६) को मध्यकालिन अभिलेख**माउल्लेख गरिए अनुसार सानागाउँको सबैभन्दा पुरानो भनिएको ने.सं. ६७९ को गणेशस्थानको शिलापत्रमा स्थानको नामउल्लेख गरिएको छैन । त्यस्तै ने.सं. ७८२ (वि.सं १७१९) को ढुंगाल टोल अवस्थित पाटीको शिलालेखमात्यहाँ पाटी र उमामहेश्वरको मूर्ति स्थापना गरेको कुरा देखाउँछ । तर देवननी टोलको नित्यनाथको देवलको ने.सं. ८२६ को शिलालेखमाथसी देश भनि किटान गरेको पाइन्छ । यसबाट प्रस्त हुन्छ कि आजभन्दा ३१५ वर्ष अघि नै सानागाउँथसीनामले प्रसिद्ध थियो ।

**वज्राचार्य, ध.** (२०५३). ***लिच्छवीकालका अभिलेखमा***उल्लेख गरिए अनुसारपाना नं. ३९५ भेल्बूको अभिलेखको पंक्ति नं. ११ मा थंसम्प्रिन्देवक्षेत्रालीउल्लेख गरिएको पाईन्छ । जसबाट यो थसम्प्रिले सानागाउँहो कीभन्ने बुझ्न सकिन्छ । (थंसम्प्रिन्देवक्षेत्राल ………. ) को अर्थ थसीमा रहेका देवतासँग सम्बन्धितजग्गाको बारेमाबलम्बुवासीले थसीवासीलाई चार किल्ला छुट्याएर जग्गा राखिदिएको उल्लेख छ ।

**योगी, न.** (२०१३). **देवमालावंशावली**को ९५ पृष्ठमा सानागाउँशहरका बारेमा“नेपाली संवत् ६६३ सालमाश्री राजा रत्नमल्लको पालामा कुकु भन्ने भोटे देवानहरुको रखवार खातिर ५०० घरको शहर बसाई दियाको हुन्” भन्ने कुरा उल्लेख गरिएकोछ । यहीवंशावलीमा सानागाउँमामात्रनभई ठैव, सतुंगल, धर्मस्थली, बलम्बु र टोखामापनि कुकु भोटेहरुको बसोबास गराएको भन्ने उल्लेखित छ । यो वंशावली र ताम्रपत्रको अभिलेखले यस स्थानमाकुकुहरुको बसोबास थियो भन्ने कुरा प्रमाणित गर्दछ । तर उनैले सिमानाबाट भोटे खेदेको भन्ने इतिहास समेत रहेको छ । राजा रत्नमल्लको मृत्यु वि.सं १५७७ सालमाभएको र तत्कालिन समयमाआएकाहरु केहि समय पश्चातविभिन्न कारणले गर्दा यस ठाउँलाई छोडेर गएको ज्ञात हुन्छ ।

**महर्जन** (२०६६) **को सांस्कृतिक पृष्ठभूमिमा सानागाउँ** (**थसी**) **सिद्धिपूर**माथसीसँगबहिद्योख्य:अर्थात आदिनाथको पुरानो मन्दिर रहेको कुरा पनि जोडिएको देखिन्छ । किंवदन्तिअनुसार पहिले बहिद्योख्य:माआदिनाथको मन्दिर थियो । त्यसमन्दिरमाआदिनाथविराजमानहुनुहुन्थ्यो । कुनै समय महामारी फैलियो र गाउँका सबै मानिसहरु आदिनाथकागई हार गुहार माग्दाकुनै सुनुवाई नभएपश्चातमूर्तिलाई खोलामा लगेर फ्याकिएको र त्यहीमूर्त्ति बग्दै गई जयतीर्थमापुगेको रचोभार आसपासकामानिसहरुले चोभार डाँडाको विहारमा लगेर स्थापना गरेको भन्ने रहेकोछ । कतिपयले हालको बहिद्योख्य:मा रहेको मन्दिरलाई गोदावरी खोलाले बगाएर लगेपछि त्यो मुर्तीनखुदोभानमा भेटिएपछि स्थापना गरेको भन्ने गरेको पाइन्छ । तर

बहिद्योख्यःको आसपासमा पुरानो बस्ती थियो भन्ने कुरा त्यहाँ भेटिएका पुराना सामानहरुले प्रमाणित गर्दछ ।

**खतिवडा, सोमप्रसाद** (२०७५) **नेपाली संस्कृतिविश्व कोशमा**सँस्कृति के हो भन्ने सम्बन्धमामानवको जीवन पद्धति हो जसमामानवकाआनीवानी, संस्कार, रीतिरिवाज, कला, परम्परा र सामाजिक संगठनहरु विद्यमान रहेका हुन्छन् भनिउल्लेख गरेकाछन् । उनले सँस्कृतिलाई राष्ट्रको प्राण हो पनिभनेकाछन् । यस अर्थमा सानागाउँको जीवन पद्धतिको बारेमा समेत अध्ययनगरिने छ ।

**तामाङ, मोहनकुमार** (२०७५), **स्तुपा, चैत्य, छ्योर्तेन एक चिनारी, वार्षिक प्रतिवेदन**मा चैत्य संस्कृतको चिता शब्दबाट व्युत्पननभएको र पालीभाषामा चेतीयभनिने एक बौद्ध मन्दिर जहाँ स्तुप रहेको हुन्छ, चैत्य गृहमाध्यानवन्दनाहुने गर्दथ्यो भन्ने कुरा उल्लेख गरेकाछन् ।

बौद्ध संस्कृति कोशमा चैत्यलाई स्तूपपनि भनिन्छ र चित्तलाई प्रशन्नपार्ने वस्तुलाई चैत्य भनिन्छ भनिउल्लेख गरेको पाइन्छ ।

**अधिकारी, बमबहादुर,** (२०६९), **प्राचीनतथामध्यकालीन नेपालको इतिहास**माकान्तिपुरका रत्नमल्लको बारेमाउल्लेख पाइन्छ । रत्नमल्लको बारेमा कुकु भोटेहरुको प्रसंगलाई जोडेर हेर्ने गरेको पाइन्छ तर पनियकिन गरी भन्न सकिने अवस्था देखिदैन ।

**शर्मा डिल्लीराज** (२०५५), **नेपालको किल्लावास्तुकला**मा नेपालीकिल्लावास्तुकलाको इतिहास र यसको स्वरुपको बारेमाउल्लेख गरेको पाइन्छ । सानागाउको किम्वदन्तीअनुसार यो गाउ सल्लाको जङ्गल रहेको र पछि फदानी गरी बसोबास गरिएकोले यो एउटा वनदुर्ग रहेको भन्ने अनुमानलगाउन सकिन्छ ।

## १.६ अध्ययनकासिमा

प्रस्तुतशोधको अध्ययनललितपुर जिल्लामहालक्ष्मीनगरपालिका वडा नं. ६ मा रहेको सानागाउँको क्षेत्र भित्ररहेका पुरातात्विकमहत्वका अभिलेखहरुकोर केहि मन्दिर पाटी, इनार, चैत्यहरु जस्मा अभिलेखहरु छन्, तिनीहरुको मात्रअध्ययनगरि सोको आधारमामात्र ऐतिहासिकतथासांस्कृतिकपक्षको अध्ययनगरिएकोछ ।

## १.७अध्ययन पद्धति

प्रस्तुत अनुसन्धानकालागिविशेषतप्राथमिक स्रोतको आधारमा नै तयार गरिएको छ जस अन्तर्गत स्थलगतअध्ययन, अन्तर्वार्ता तथाअन्वेषणको प्रयोग गरिएको छ ।यसका साथै शोध कार्य तयार गर्नका लागिआवश्यक पर्ने अन्य सन्दर्भ सामाग्रीहरु द्वितीय स्रोतको मार्फत संकलनगरिएको छ ।

### १.७.१ प्राथमिक स्रोत

प्राथमिक स्रोतसंकलनकालागिसानागाउँ क्षेत्रमातथ्याङ्क संक्लन गर्नका निम्नप्रकारका तथ्याङ्क संक्लनविधिहरु उपयोग गरिएका छन् ।

#### १.७.१.१ अन्तवार्ता :

ललितपुर जिल्लामहालक्ष्मीनगरपालिका वडा नं. ६ सानोगाउँकास्थानीयबासिन्दा, ईतिहासविद, सस्कृतविदएवम यस विषयकाविशेषज्ञहरुसँग छलफल, परामर्श तथाप्रत्यक्षअन्तर्वाताद्धारा आवश्यकसामाग्रीहरुकोसंकलनगरिएको छ । अनुसन्धानकर्ता स्वयमले अन्तर्वाताद्धारा तथ्याङ्क संक्लनगरि तयार गरिएको छ ।

#### १.७.१.२ अवलोकनः

यस अवलोकन विधिद्धारा अनुसन्धानकर्ताले प्रत्यक्ष स्थलगतअवलोकन गरी आवश्यकतस्विरहरु, अभिलेखहरु र अन्यप्रमाणहरु संकलनगरिएको छ ।

### १.७.२ द्धितीय श्रोत

विभिन्न लेखकले लेखेका प्रकाशिततथाअप्रकाशित पुस्तक, लेख, रचना, वेबसाइड, जर्नलका लेख, नक्सा, पत्र-पत्रिका, म्यागाजिन, शोध, प्रतिवेदनआदि द्धितीय श्रोतको माध्यमद्धारा सामाग्रीवातथ्याङ्कहरु संकलनगरि यस शोध-पत्रतयार गरिएको छ ।

## १.८ अनुसन्धानको औचित्यता

सानागाउँसँग सम्बन्धीत ऐतिहासिकमहत्वका अभिलेखहरुको खोजीतथा जर्गेना नहुनु, जनमानसमा यस ठाँउको ऐतिहासिकतथा सास्कृतिकमहत्वबारे अनविज्ञ हुनु, सम्वन्धित निकायहरुद्धारा अनुसन्धानमाचासो नदेखिनु, अनुसन्धानकर्ताहरुको रोजाईको विषयमानपर्नु जस्ता कारणले गर्दा सम्पूर्ण विषयवस्तुको केहीहद सम्म सम्बोधन गर्नु पर्ने आवश्यक्तालाई महसुस गरी यस शोध अनुसन्धानलाई अगाडि बढाइएको हो । निश्चियपनिआगामिदिनमा यस अध्ययन अनुसन्धानले सानागाउँबारे उजागर गरिएका धेरै विषयजनमानसमा पु-याई केहीहद सम्म यसको महत्वमाथप टेवापुग्नेछ । साथै यो अनुसन्धानात्मकअभलिखभविष्यको लागि एउटा मार्ग निर्देशन गर्ने औजारको रुपमामहत्वपूर्ण स्रोत बन्न सक्नेछ ।

## १.९. अनुसन्धानको रुपरेखा

यस शोधपत्रको विस्तृत अध्ययनलाई सुब्यवस्थित ढङ्गबाट प्रस्तुत गर्न निम्नअनुसारका परिच्छेदमाविभाजनगरिएको छ ।

### अध्यायएक

यस परिच्छेदमा परिचय, समस्याकथन, अध्ययनको उद्धेश्य, अध्ययनको महत्व, पूर्व साहित्यको समीक्षा, अध्ययनको सिमा, अध्ययनको पद्धति र अध्ययनको औचित्यता प्रस्तुतगरिएको छ ।

**अध्यायदुई**

यस परिच्छेदमा सानागाउको परिचय, नामाकरण, वस्ती र अवस्थिति, इतिहास संस्कृतिको परिचय समावेश गरिएको छ ।

**अध्यायतिन**

यस परिच्छेदमा सानागाउको मन्दिर, पाटी, चैत्य र इनारमा भेटिएका अभिलेखहररुको वर्णन गरिएको छ

**अध्याय चार**

यस परिच्छेदमा सानागाउमा भेटिएका सय वर्ष पुराना अभिलेखहरुको अनुवादगरिएको छ ।

**अध्यायपाँच**

यस परिच्छेदमानिष्कर्ष र सुझाव समावेश गरिएको छ ।

# अध्यायदुई

# सानागाउँको परिचय

## १. सानागाँउको नामाकरण

ललितपुर जिल्लामहालक्ष्मीनगरपालिकाको वडा नं. ६ मा रहेको सानागाँउ सानो भएकोले सानागाउँभनिएको भन्दा फरक पर्दैन । सानागाउँको नाम त्यति प्राचीन नरहेको यहाँका स्थानीयहरुको भनाई रहेको छ । यस गाउँथसी नामबाट प्रख्यात रहेको पाईन्छ । पाटनका नेवार समूदायमाफ सानागाउँभन्दापनिथसीको नामले बढी परिचित छ । समय अनुसार यस गाउँको नामपनि परिवर्तन भएको पाईन्छ ।

### १.१ थसी

शुरुमा यस गाउँलाई थसीभनिएको भन्ने कुरामा रोचककिम्वदन्ती समेत रहेको पाईन्छ । जस अनुसार किरात कालमा पाटन शहरमामोटो–घाटा, डम्म परेका, देख्दै डरलग्दाभोटेहरु छ्यास–छ्यास्तीआएर जनजीवन अस्तव्यस्त हुने गरी बसोबास गरी स्थानियवासीलाई हमला गरेर बालबच्चामात्र छाडेर अन्य सबैको हातखुट्टा भाँची अनेकौं चोटपटक पारी विभिन्नयातना र कष्टहरु दिई मार्न थाले । भोटेहरुको यस्तो नराम्रो व्यवहार र दुःखदायी घटनाले गर्दा सहननसकी 'अब यहाँ बसेर भएन'भन्दै पाटन शहरबाट सल्लै सल्लाको रुख ( थसीमा हे थसीमादुगु गुँ) को जङ्गलमागएर विस्थापितभए । त्यहि समयदेखि यस गाउँको नामथसी रहेको मानिन्छ (महर्जन, २०६६) ।

### १.२ सिद्धिपूर

सानागाउँको देवननी टोलको मध्यभागमा रहेको एउटा शिलालाई शिद्धेश्वर महादेवको नामबाट यस गाउँको नाम सिद्धिपूर रहनगएको भन्ने बुझिन्छ । शुरुमा सानागाउँमाबसोबास गरिसकेपछि मन्दिर बनाउनकालागिजङ्गल फँडानी गरेर जोत्दापाँच फिट लम्बाईको कालो स्तम्भ फेलापऱ्यो । स्वयं सिद्ध भएकोले त्यसलाई सिद्धेश्वर महादेवको नामाकरण गरिएको मानिन्छ (महर्जन, २०६६) ।  यसैबाट सिद्धिपुर भनिनथालिएको भन्ने रहेको देखिन्छ । (तस्विर नं.२)

### १.३ सानागाउँ

सानागाउँवरिपरि रहेका छिमेकीगाउँभन्दा सानो र बस्ती धेरै पातलो भएको हुनाले शुरुमा सानो गाउँ र पछि हुँदै गएपछि सानागाउँहुनगएको मानिन्छ । सानागाउँभनेर वि.सं २०२१ सालभन्दापहिले देखि नै नामाकरण भएको देखिन्छ किनकि २०२१ सालमानापीहुदाँनक्सामासानो गाउँ लेखिएको छ (महर्जन, २०६६) ।

## २. सानागाउँको वस्ती र अवस्थिति

वाग्मतीप्रदेश ललितपुर जिल्लाअन्तर्गत पर्ने महालक्ष्मीनगरपालिकाललितपुर ग्वार्को रिङरोड देखि केही मिटर पूर्व-दक्षिणमा अवस्थित छ । यस नगरपालिकामाजम्मा १० वटा वडाहरु रहेका छन् । जसमध्ये वडा नं ६ नगरपालिकाको बीचभागमाअवस्थित छ । क्षेत्रफलको हिसाबले यस वडा नगरपालिकाको छैठौं ठूलो वडा हो जसको क्षेत्रफलनगरपालिकाको विवरणमा २.०१ वर्ग किलोमिटर देखाएको छ । यस वडाको परिधि७.३६ कि.मि. रहेको छ भने वास्तविक क्षेत्रफल २.३२ वर्ग किलोमिटर रहेको छ । समुद्र सतहदेखि १३४० मिटरको उचाईमाअवस्थित यो वडा २७°३८’ ५१.९७उत्तर देखि २७° ३८’ ४८ ८३ उत्तर अक्षांश र ८५° २१’ ३३ ७९ देखि ८५° २१’ २४ ३१ पूर्व देशान्तरमाअवस्थित छ । वि.स. २०७८ को जनगणना अनुसार यस गाउँको कूल जनसंख्या४,१९४ रहेको छ । सानागाउँ पुरानो वस्ती हो तथापिआप्रवासीहरुको संख्यादिनहु बढ्ने क्रममा रहेको छ ।

सानागाउका स्थानियवासिन्दाहरु धेरैजसो कृषि पेशामा संलग्न रहेको पाइन्छ । स्थानीयवासिन्दाकाअनुसार हरेक घरका एक जवानविदेशमाअवसरका लागिविदेशमा नै रहेको समेत जनाएको छ ।

### २.१. इतिहास

लिच्छवि र मल्लकालिन समयमाआफ्नो राज्यभित्रको शासनव्यवस्थालाई सुचारु रुपले संञ्चालन गर्नको लागि गढ बनाइएको हुन्थ्यो । गढ प्राय:प्राकृतिक वस्तुहरुमा नदी ( पोखरी), वनजङ्गलतथा पहाडलाई मुख्यआधार लिई बनाईन्छ । लिच्छविकालमा दरवारको

अत्तिरिक्त कोट शब्दको उल्लेख भएको पाइएकोले त्यसबेलाउपत्यकाको वरिपरिका डाँडाहरु किल्लाको रुपमाविद्यमानथिएभन्न सकिन्छ ।

### २.१.१. लिच्छविकाल

सानागाउँ सम्बन्धि भेटिएका अभिलेखहरुको आधारमा सानागाउँको वस्ती ३१५ बर्ष पुरानो रहेको देखिन्छ (६७९ को अभिलेख)  तर यस गाउँवरिपरि पाईएका अभिलेखहरुको आधारमा यो गाउँको वस्ती अझै पुरानो हुनुपर्ने देखिन्छ (सम्वत २५० मोतीटारको अभिलेख) । धनबज्राचार्यको लिच्छविकालिन अभिलेख पाना नं. ३९५ भेल्बूको अभिलेखको पंत्ति नं. ११ मा थंसम्प्रिन्देवक्षेत्रालीउल्लेख गरिएको पाईन्छ । जसबाट यो थसम्प्रिले सानागाउँहो कीभन्ने बुझ्न सकिन्छ । (थंसम्प्रिन्देवक्षेत्राल .......... ) को अर्थ थसीमा रहेका देवतासँग सम्बन्धितजग्गाको बारेमाबलम्बुवासीले थसीवासीलाई चार किल्ला छुट्याएर जग्गा राखिदिएको उल्लेख छ, तर कुनचाहीँ देवताहो नामथाहापाउन सकिएको छैन (महर्जन, २०६६)।

त्यस्तैगरी पाना नं. ५९४ माउल्लेख गरिएको मोतिटारको अभिलेखमासम्वत् २५० मा राजाश्री बलिराजाले पूण्य बढोस भनीजलद्रोणी बनाउनलगाएको उल्लेख गरेको पाईन्छ ।यो अभिलेख पाटनबाट लुभु जाँदा बाटोमामोटीटार भन्ने ठाँउमा पर्ने र त्यहाँ वट्टेडोल भन्ने ठाँउमा जलद्रोणी रहेको वर्णन गरिएको छ । सानागाउँनजिकमा रहेको कमलपोखरीको छेउको क्षेत्रलाई सुतिंगलभनिएको कुरा जलद्रोणिमा रहेको शिलालेखले जनाउँछ । (**तस्विर नं. ३**) सुतिंगलबाट सानागाउँकरिब एक किलोमिटरको दुरीमारहेको छ । जसबाट के बुझ्न सकिन्छ भने सानागाउँमा वस्ती विकासको क्रम लिच्छवि कालतिर नै भएको हुनुपर्ने अनुमान गर्न सकिन्छ ।

### २.१.२. पूर्वमध्यकाल

लिच्छवि र मल्लकालिन समयमाआफ्नो राज्यभित्रको शासनव्यवस्थालाई सुचारु रुपले संञ्चालन गर्नको लागि गढ बनाइएको हुन्थ्यो । गढ प्राय:प्राकृतिक वस्तुहरुमा नदी (पोखरी), वनजङ्गलतथा पहाडलाई मुख्यआधार लिई बनाईन्छ । मध्यकालिन राजाका दरबारहरु किल्लाबन्दीको रुपमानिर्माण गरिन्थे भने अर्कोतिर त्यसबेलावनदुर्गको रुपमा केहि ठाउँहरु छुट्याइएकाथिए ।(शर्मा,२०५५) सानागाउँपहिले सल्लाको रुखको जङ्गलमादुर्गबनाइएको

कारण यस ठाउको नामथसी रहनगएको किंवदन्तीमाउल्लेख गरेको पाईन्छ । (महर्जन, २०६६) **धनबज्राचार्यका पूर्वमध्यकालका अभिलेखको** पाना नं. १२८ (**तस्विर नं ४**) ललितपुर मोतीटारको ने. सं. ३५३ मा राजाश्री अभयमल्लदेवको विजयराज्यमा सूतिंगलजलद्रोणीको लागिकुवाको मुहानविग्रेको हुनाले बनाउने विचार मनमाआएको हुनाले यो जलद्रोणी जीर्णोद्धार गरिएको उल्लेख गरिएको पाईन्छ । जस अनुसार लिच्छविकालमा बनाउनलगाईएको जलद्रोणी विग्रेकोले पूर्वी मध्यकालमा जिर्णोद्धार गरिएको भन्ने बुझ्न सकिन्छ । पूर्वी-मध्यकालिन अभिलेखको पाना नं. ३१७मालललितपूर लुभुको कोलाछिटोलमा रहेको नारायणमन्दिरको ने.सं. ५७२ को अभिलेखमाश्री वयक्षमल्लदेवको विजयराज्यमाउत्तम नेपाल देशमा सुवर्णक्षेत्र (लुभु) भन्ने प्रदेश छ । त्यहाँ सुखंडो भन्ने माझको टोलमा बस्ने बुद्धिमान असल ज्योतिषिजीवचन्द्रले विष्णुको स्थापना गरेको र पुण्यले लोकमा सधै आनन्द रहोस् भनी ने.सं. ५६५ मार्गशुक्ल षष्ठीमा जग हालीमार्गशुक्लदशमीबिहिबारका दिन नारायणको स्थापना र अहोरात्र यज्ञ गरियो । ने.सं. ५६७ माघकृष्ण द्वादशी आइतवारको दिन छाना हालियो, ने.सं. ५७० भाद्रकृष्ण तृतियामंगलबारको दिन कोष चढाइयो र ने.सं. ५७२ चैत्रशुक्लएकादशीशुक्रबारको दिन चार दिनसम्म यज्ञ गरी गजुर ध्वजा चढाइयो भनिउल्लेख गरिएको छ ।

### २.१.३. मध्यकाल

मध्यकालमा पाटनका व्यापारीहरु यहि बाटो भै लाँकुरी भञ्ज्याङ हुँदै ब्यापारको लागिभोट जाने कुरा रहेको छ । पाटी र सत्तलहरु धेरै अगाडि नै निर्माण गरिनुले उपत्यकाबाहिरका मानिसहरु आई बास बस्ने गरेका थिएभन्ने कुरा बोध हुन्छ । गाउँमा चारढोका हुनु, भोट व्यापारको लागिलाँकुरी भञ्ज्याङ, पनौतिहुँदै दोलखाभई जाने पहिलो पडावपनिहुनु तथाबाहिरका मानिसहरु आई यहाँबास बस्नुले केहि सत्यता देखाउँछ । पहिले यो स्थानब्यापारिक क्षेत्र हुनु पर्छ भन्ने अड्कल गरेको पनिपाईन्छ । किनकीयहाँ रहेका फल्चाहरु टाढाबाट आएकामानिसहरुको बास बस्ने स्थानथिए । उल्लेख्य संख्यामा रहेका फल्चाहरुले पनि सोही कुरालाई इङ्गित गरेको देखिन्छ । देवमालावंशावलीको ९५ पृष्ठमा सानागाउँशहरका बारेमा"नेपाली संवत ६६३ सालमाश्री राजा रत्नमल्लको पालामा कुकु भन्ने भोटे देवानहरुको रखवारखातिर ५०० घरको शहर बसाई दियाको हुन्" भन्ने कुरा उल्लेख छ । यहिवंशावलीमा सानागाउँमामात्रनभई ठैव, सतुंगल, धर्मस्थली, बलम्बु र टोखामापनि

कुकु भोटेहरुको बसोबास गराएको भन्ने उल्लेख छ । । तर उनैले सिमानाबाट भोटे खेदेको भन्ने इतिहास समेत रहेको छ । रत्नमल्लको मृत्यु वि.सं १५७७माभएको उल्लेख छ भने वि.सं. १५९९–१६०० (ने.सं. ६६३) तिर कसरी भोटेलाई थसीमा बस्न घर बनाई दिएत्यो कुरा स्पष्ट हुन सकेको छैन ।

ने.सं ६७९ (वि.सं.१६१६) को गणेशथानको शिलालेख हेर्ने हो भने यहाँआई बसाई सर्नेहरुको पहिलो काम नै यहाँ गणेश स्थानबनाउनु रहेको जस्तो देखिन्छ । यस समयमाटविश्व मल्लको शासनकाल देखिन्छ । यसरी हेर्दा तत्कालिन समयमाथसीभक्तपुर राज्यमा(पर्दथ्यो हैन भने कान्तिपुरको राजानरेन्द्रमल्लको अधिनमाथियो । यो अभिलेखको आधारमा हेर्ने हो भने कुकुहरु यस स्थानमा धेरै समयसम्म बसेका थिएनन् भन्ने कुरा प्रष्ट हुन्छ । इतिहास हेर्दा रत्नमल्लले वि.सं.१५३९ देखि १५७७ सम्म राज्य गरेको देखिन्छ । रत्नमल्लले कुकु भगाएकोमितिवि.सं.१५७० नै मान्ने हो भने पनि झण्डै ३६ वर्ष पछि मात्र गणेश मन्दिरको स्थापना गरेको देखिन्छ । तर यो मिति रत्नमल्लसँग २३ वर्ष फरक परेको देखिन्छ ।

वि.सं १७१९ अर्थात ने.सं.७८२ को ढुंगाल टोलको पाटिको शिलालेखले त्यहाँ पाटी र उमामहेश्वरको मूर्ति स्थापना गरेको कुरा देखाउँछ । यसले करिब वि.सं. १६०० कोहाराहारी देखि पून: वस्ती बस्न थालेको देखिन्छ । तत्कालिन समयमाथसी देश भनिएको कुरा शिलापत्रतथाताम्रपत्रहरुले बोलिरहेको अवस्थामात्यसो भए दरबार पनिहुनुपर्थ्यो भन्ने हुन्छ । देवननी टोलमा नै अहिले सम्म क्वाठ भनिने स्थान रहेको छ । सो स्थान नै तत्कालिन समयको दरबार हुन सक्ने देखिन्छ किनभने त्यससमयमा दरबारलाई क्वाठ भन्ने गरिन्थ्यो । तर ती रजौटा अथवाभारदार को थिएभन्ने कुरा शिलालेखहरुमाउल्लेख छैन ।लिखित रुपमा भेट्टाउननसकिएपनि स्थानीय ज्येष्ठ नागरिकहरुको भनाई अनुसार यस सानागाउँको पुरानो वस्ती भनेर हालको 'पं फुति' फाँटलाई भन्ने गरिन्छ । जसलाई बैजु, बैद्य ख्य: र सिपूर देश भनेर चिनिने गरिन्थ्यो । उहाँहरुको भनाई अनुसार हालसम्मपनित्यहाँ खनेर हेर्दा पुराना घरका गाराहरु, माटाका टुटेफुटेका भाँडाहरु, इनारका खाल्डाहरु र जगमा राखिएका ढुङ्गाहरु भेट्टाउन सकिन्छ (महर्जन, २०६६) । सानागाउँ सम्बन्धि लेखिएकाकतिपयआलेखहरुमायसलाई कुनै समयमादुर्गथियो भन्ने गरेको समेत पाइएको छ । गाउँमा चारढोका हुनु, भोट व्यापारको लागिलाँकुरी भन्ज्याङ, पनौतिहुँदै दोलखाभई जाने पहिलो पडावपनिहुनु तथाबाहिरका मानिसहरु आई यहाँबास बस्नुले केहि सत्यता देखाउँछ ।

सानागाउँकाबासिन्दाकाअनुसार पूर्वमाखुशिलँको ढोका, दक्षिणमा रामढोका, पश्चिममायंगाल टोलको ढोका र उत्तरमाबोङ्गा रहेको क्षेत्रमा ढोका थियो भन्ने गरिन्छ । र अहिले ढोकाको अस्तित्व मेटिएको देखिन्छ । सानागाउँवरिपरि पाइएको लिच्छविकाल, पूर्वमध्यकाल, मध्यकालमापाइएको अभिलेखलकाआधारमा सानागाउँ वस्तीको शुरुवात लिच्छविकालदेखि नै भएको हो कीभन्न सकिन्छ । जुन लिच्छविकालदेखि सुरु भई पूर्वी मध्यकालिन, मध्यकालिनहुँदै हालसम्मनिरन्तर वसोवास रहेको बुझिन्छ ।

## ३. सानागाउँको संस्कृति

सानागाउँ सानो भएतापनिविभिन्नधर्मालम्बी र जनजातीहरु बसोबास गर्दै आइरहेका छन् । धर्ममाहिन्दु, बौद्ध, क्रिश्चियनआदिमिश्रित छन् जस्मा हिन्दुधर्मावलम्बीहरुको बाहुल्यता रहेको पाईन्छ । झण्डै नब्बे प्रतिशतमहर्जन, श्रेष्ठ, नेमकुल, अमात्य र शाक्य थरका बासिन्दाहरु छन् (महर्जन २०६६)। सानागाउँकामुख्यबासिन्दाहरु घःवा खलक, यलमु खलक, धगु खलक, किसीखलक र नेमकुलखलकभन्ने गरिएको पाईन्छ । घःवा खलक, यलमु खलक, धगु खलक, किसीखलक र नेमकुलखलकपूर्वजहरु पाटनवासी हुन् । घःवा खलकको कुलदेवताहालको शंखमूलको सिकबहीलमाअवस्थित छ । त्यसैगरि यलमू, धंगुढ खलकहरु लुखुसी र दुपातबासीले मनाउँदै आइरहेको धंःगुठी र यलमु गुठीमा हालसम्मप्रत्यक्ष रुपमा सहभागिताजनाउदै आइरहेको पाईन्छ । नेमकुलको कुल घर हालसम्मपनि लुँखुसीमा रहेको र कुलदेवताको पूजा गर्न त्यही घरमाजाने गरेको पाईन्छ । बाँकीअन्यखलकहरु सुनाकोठी, हरिसिद्धि, भादगाउँ, धापाखेल, आदि बाट आएको मानिन्छ । सँस्कृतिलाई विशेष गरी दुई प्रकारमाविभाजन गरी अध्ययन गर्ने गरेको पाइन्छ । भौतिक सँस्कृति र अभौतिक सँस्कृति । यहाँभौतिक र अभौतिकदुवै प्रकारका सँस्कृतिहरुलाई बयानगरिएको छ ।

### ३.१. अमूर्त सँस्कृतिहरु

सामाजिकअभ्यास,प्रतिनिधित्व, हाउभाउ, ज्ञान, सीपका साथै साधन, वस्तु, कलाकृति र सांस्कृतिक कुराहरु जो समुदाय, समूहआदिसँग सम्बन्ध रहि आएको छ त्यसलाई अमूर्त सँस्कृति भनिन्छ । सानागाउँको अमूर्त संस्कृतिहरुमाजात्रा चाडपर्व र गुठीका बारेमाउल्लेख गरेकी छु ।

### ३.१.१ आदिनाथ (प्वँद्यो) पूजा

सानागाउँसँगबहिद्योख्य:अर्थात आदिनाथको पुरानो मन्दिर रहेको कुरा पनि जोडिन आएको देखिन्छ । किंवदन्तिअनुसार एक समय महामारी फैलियो र गाउँका सबै मानिसहरु गई असिनाको वर्षा प्व (असिना) द्यो (देवता)) सँग हार गुहार माग्दाकुनै सुनुवाई नभए पछि रिसले चुर भएर सबै मिलेर खोलामा लगेर फालिदिएको र त्यहीमूर्ति बग्दै गई चोभारको नख्खु खोला दोभानमाबगाउँदै लग्यो । चोभार चौरमागाई चराउदै गरेको नन्दग्वालाले चोभारको नख्खु खोला दोभानमाबगाउँदै गरेको बच्चालाई बचाउनकालागिजादाँबच्चाले मलाई नछोऊ भनी कराउनथाले र सोही समयमानन्दग्वालाई श्री आदिनाथको दर्शन भयो । सोही समयमानन्दग्वालाले श्री आदिनाथलाई विन्ती चढाए – 'प्रभु हाम्रो गाउँको बसुन्धरा मन्दिर विगत केहि समयदेखि खालिभईरहेको हुदाँ सो ठाँउमा प्रभु आई विराजमानभईदिनु पऱ्यो '। यसलाई श्री आदिनाथले स्वीकार गर्नुभयो र नन्दग्वालाखुसीले बाजागाजा सहितप्रभुलाई लिन आउँछु भनीगाउँ पसे । नन्दग्वालाले बाजागाजा सहितपहिलेकै ठाउमा आइपुग्दा कोहि भेटेनन् र उनको र पुरोहितबीचगन्थनहुनथाले पछि सोही ठाँउमा पुरोहित र नन्दग्वालालाई मात्रदर्शन दिए । पुरोहितले देख्नासाथखोलामाकलशथाप्नु भयो र आदिनाथकलशमाविराजमानहुनुभयो । त्यसबेलाश्री आदिनाथ स्वयम् प्रकट भई आफू सिंपुरका देवताहो र आफूलाई परापूर्वकालदेखि नै त्यहाँका नेकु खलकद्धारा नित्यपूजागरि आईरहेको हुनाले आउने दिनमापनि नेकु खलकद्धारा नै गरियोस भन्नुभयो । हालसम्मपनि सानागाउँकाबासिन्दामध्ये चार नेमकुलखलकहरु बिनाजुत्तानाङ्गो खुट्टा सेतो वस्त्र लगाएर कपाल मुण्डन गरी सानागाउँदेखि चोभारसम्म हिडेर पूजा गर्न जाने चलनयथावत छ । चैत माहनाको मेलामाहालसम्मपनिकलशथाप्दापानी बगेकोपट्टि कलशको पछाडिको भागपारी थापिन्छ र नख्खु खोलाको दोभानमा मेलाको बेलादाफोस्वाँखन्याउने गरिन्छ ।

### ३.१.२. बालकुमारी जात्रा

बालकुमारी जात्रा सानागाउँको सबैभन्दा ठूलो जात्राहो ।(तस्विर नं. ५) चैत्र मसान्त देखि शुरु भएर बैशाख ४ गते सम्म यो जात्राचल्ने गर्दछ । कोटघर अथवा देवघरमा देवता स्थापना गरेपछि यो जात्राको शुरुवात हुन्छ । बैसाख १ गते देवताहरुलाई खटमा राख्ने प्रचलन छ । बैशाख २ गते भने खट जात्रा गर्ने चलन छ । सोहीअनुरुप खट विभिन्न

स्थानमा लैजाने चलन छ । बैशाख ३ गतेको दिन देवननि, पिरयाँतथापिननिमापूजा गर्ने चलन छ । बैशाख ४ गतेको दिनतधःननितर्फ लैजाने गरिन्छ । अन्त्यमागाउँ परिक्रमागरिसकेपछि मन्दिरलाई तीन पटक परिक्रमा गराई जात्राविसर्जन हुन्छ । यो जात्रा गणेश, कुमार, कुमारी, काली र भैरबको जात्राहो । तर गणेश, भैरब र बालकुमारीको जात्राभन्ने गरिन्छ । यस जात्रामायहाँ रहेको गुठीको आ-आफ्नै दायित्व हुन्छ । यो सबैको जात्राभएकोले महर्जन, श्रेष्ठ, नेम्कुल, अमात्य, शाक्य, खड्गी, दर्शनधारी आदि सबैको सहभागिता रहेको हुन्छ । यो जात्रालाई सरसर्ती हेर्ने हो भने तत्कालिन समयमामनाइएको विजयोत्सव जस्तो देखिन्छ । चैत्रको पहिलो हप्ताको मंगलबारदेखि नै अग्नीपूजाअर्थात क्षमापूजा गरेर अग्नीभयनहोस् भनेर पूजा गर्ने चलनपनि छ । यो जात्राले पूरानो वर्षलाई विदाई गर्दै नयाँवर्षको आगमनलाई स्वागत गर्ने र सुख शान्ति र समृद्धिको कामनागर्दै मनाउने चाडको रुपमापनि मानिन्छ ।

ठिमीको बालकुमारी जात्राको लागि यहाँबाट फूललाने गरिन्छ अनिमात्रत्यहाँको जात्रा शुरु हुन्छ भन्ने भनाई छ । फूलकिन लगिन्छ भन्ने विषयमा एउटा रोचककिम्बदन्ती छ । परापूर्वकालमा ठिमीको बालकुमारी सानागाउँमा नै बसिसकेका थिए, तर अचानक संगुर कराएको आवान सुनिएपछि यहाँ  बसेर ठीक हुदैन भनेर बालकुमारी ठिमीकै क्वाछेमागएर बस्न गएकाथिए । त्यसैले त्यहाँको जात्राकालागियहाँको फूल लगिन्छ भन्ने भनाइ छ । जात्राको अन्तिमदिन गुरुजुद्धारा पूजा गरी घर  भित्र्याइन्छ अनि समयबजि दिइन्छ । खटलाई विर्सजन गर्ने बेला खटको गजुरमा रहेको फूललिन घुइँचो लाग्ने गर्दछ । उक्त प्रसाद लियो भने छोरा पाउँछ भन्ने धार्मिक विश्वास रहिआएको छ । सोहिदिन सात गाउँमा ( ठिमी, नगडे, बोडे, भक्तपूर, मच्छि गाउँ र सानागाउँ ) जात्रा हुन्छ ।

### ३.१.३ गठेमंगल

यो आषाढ कृष्ण चतुर्दशीको दिन खेतीपातीगरिसकेपछि घर सफासुग्घर गरी बेलुकीपख परालको भूतबनाई पन्छाउने पर्व हो । यो पनि केटिहरुले मनाउने र केटाहरुले मनाउने गरी दुई प्रकारको रहेको छ । यो दिनलाई बोक्सी विद्यासिक्ने दिनपनि भनिन्छ ।

### ३.१.४ नागपञ्चमी

श्रावण शुक्लपञ्चमीकादिननागको पूजागरिन्छ । यसको अघिल्लो दिन सबै इनारहरु सफा गर्ने प्रचलन छ । घरघरमा नाग टाँस्ने प्रचलन समेत रहेको छ ।

### ३.१.५ गुँपुन्ही

श्रावण शुक्ल पूर्णिमाको दिनलाई गुँपुन्हीभन्ने गर्दछन् । यस ठाउँको प्रत्येक फल्चामा रहेको भजनखलहरुले यस समयमा एक महिनासम्मनामसंगिती पाठ गर्ने प्रचलन छ । गुको अर्थ नौ हो । नौ थरी गेडागुडी पकाएर खाने प्रचलनभएकोले पनियसलाई गुँपुन्हीभनिएको भन्ने संस्कृतिविदहरु बताउँछन् । ब्याँचाअर्थात भ्यागुतालाई खानापनि यस दिनखुवाउने चलन छ । भजनखलकामानिसहरु पनिसिलु तीर्थको लयमाभजनगाउँने गर्दछन् ।

### ३.१.६ गाईजात्रा

श्रावण शुक्ल पूर्णिमाको दिनथसीमागाईजात्रामनाउने चलन छ । सदस्यगुमाएका घरका सदस्यबाट हरेक घरबाट एकजोडि पुरुष र महिलाबनाई घर बाहिर निकाल्ने चलन छ । यहाँगाई नै चाहिन्छ भन्ने नभएको कुरा आफ्नो पुस्तकमानन्दबहादुर महर्जनले उल्लेख गरेका छन । बिहानै पाटीपौवामाबाजागाजाबजाउने तथामन्दिरहरुमा पूजापाठ गर्ने चलन छ । यो मृतआत्माको मुक्तिको कामनागर्दै मनाउने चाड हो ।

### ३.१.७मतःया

सानागाउँमामतःयाजात्रामनाउने चलन छ । यो दीपयात्राहो । यहाँप्रशस्त चैत्यहरु भएकोले उक्तदिन चैत्य परिक्रमा गर्ने प्रचलन छ । यो जात्रायहाँको मानिसहरुले ने.सं. १०२२ मापनिमनाएको भन्ने मणिदाफाखलको बाजामा रहेको ताम्रपत्रले जनाउँछ । केहि कारणवश मतःयाजात्रा रोकिएर ने.सं २०३८ सालमापूनः सुरु भएको देखिन्छ । श्रृंगभेरि अवदानसँग सम्बन्धित यो जात्रा सानागाउँभित्रमात्रसिमित छ । विभिन्नबाजाखलहरुले बाजागाजाबजाई आफ्नो भेषभूषामा सुसज्जितभएर प्रत्येक चैत्यमा केहि कुरा चढाउँदै गाउँ परिक्रम गर्ने प्रचलन छ । यो भाद्रकृष्ण द्वितीयाको दिनमनाउने गरिएको पाईन्छ । अहिले विभिन्नबाजाखलहरुले पालो अनुसार यस जात्रालाई मनाउँदै आएको देखिन्छ । (तस्विर नं. ६)

### ३.१.८ झार गुँपर्व

झार गुँपर्व मनाउनकालागि एक दुई जनाको मात्र रोपाई सिद्धिएर मात्रनभई सबै गाउँबासीको रोपाई सकेकोहुनुपर्ने कुरा उल्लेख गरेको पाईन्छ । सबैको रोपाई सकेपछि खेत र ढल हेर्न राखिएकामानिसहरुले ठीक अघिल्लो साँझपखनायसीबाजाबजाएर टोल टोलमाजानकारी गराईभोलीविहानैदेखि घर बढार कुढार गरी मासु सहितअन्यविभिन्न मिष्ठान्न भोजन बनाई परिवारका सदस्यहरुमिलिभोज खाने प्रचलन रहेको पाईन्छ ।

### ३.१.९ पञ्चदान

पिननिमाभाद्र महिनाको शुक्ल तृतीयाको दिन यो जात्रामनाउने गरिन्छ । यो दिनअन्न, कपडा, नुनतथाद्रव्यआदिशाक्यकुलपुत्रहरुलाई दानदिने प्रचलन छ । मत्या जानेहरु उक्तदिन स्वयम्भू पनिजाने गर्दछन् । पञ्चदानदानपारमिताको एउटा नमूनाहो ।

### ३.१.१० बसुन्धरा पूजा

पिननिमा बसुन्धराको मन्दिर रहेको छ । यहाँभाद्र कृष्ण तृतीयाको दिन बसुन्धरा देवीको साधना गरी मण्डप बनाई विधिवतरुपमाव्रतबसी पूजापाठ गर्ने र स्तोत्र पाठ गर्ने चलन रहेको छ । (महर्जन, २०६६ )

### ३.१.११ दशैं

यहाँमोहनीनखःअथवादशै अशोक शुक्लप्रतिपदाकादिन देखिमान्ने प्रचलन छ । अझदशैंमा खड्गयात्रा गर्ने समेत चलन रहेको छ । द्वारेहरु रहेको स्थानभएकोले दशैंमाअनिवार्य द्यःछें अर्थात कोटघरबाट खड्गयात्रानिकाल्नु पर्ने प्रचलन रहेको देखिन्छ । खड्ग यात्रालाई महत्वका साथथसीबासीले ग्रहण गरेको देखिन्छ । यसकालागि सरकारबाट समेत केहि रकमप्रदान गर्ने गरेको थाहाभएको छ ।

### ३.१.१२ तिहार

कार्तिक कृष्ण त्रयोदशी देखि स्वन्तिपर्वको रुपमातिहार मनाउने प्रचलन छ । त्यसैगरि म्हःपूजा समेत अन्य नेवारहरुले मनाउने जस्तै मनाउने प्रचलन छ । यस बाहेक आमाको मुख हेर्ने दिन, बाबुको मुख हेर्ने दिन, लिंगो गाड्ने, इन्द्रजात्रा, मोहनीनखः, स्वन्तीनखः, सकिमनापुन्ही, बालाचह्रे, धान्य पूर्णिमा (योमरि पुन्ही), माघे संक्रान्ति, श्रीपंचमी, महाशिवरात्री, होली, पाहाँचह्रे आदिपर्वहरु पनिमनाउने प्रचलन छ ।

### ३.१.२ गुठी

नेपालको सामाजिकतथाआर्थिक व्यवस्थालाई सुदृढ गर्नका लागि स्थापित सामाजिक संस्थाको रुपमाप्राचीनकालदेखि गुठी व्यवस्थाभएको देखिन्छ । लिच्छवीकालमा नै गुठीको व्यवस्थाथियो भन्ने कुरा चाँगुको शिलालेखले बताउँदछ । उपत्यकाको नेवारहरुमाभनै यो व्यवस्था सुदृढरुपमा निरन्तर अघि बढेको पाउछौं । गुठी विभिन्नकार्य सम्पादन गर्न स्थापनाभएको पाउँछौं ।

### ३.१.२.१ तः गुठि

यो गुठी तधःननी टोलमा रहेको छ । यो गुठीलाई सबैभन्दाप्राचीन गुठी भनिन्छ । यहि गुठीबाट अन्य ६वटा गुठीहरु छुटेर गएको भन्ने रहेको छ । यो महर्जनहरुको गुठी हो । गाँसीआजुको प्रतिमा राखेर गुठीमा पूजाआजागर्दै आएको पाइन्छ । गाँसीआजुकाश्रीमतीहरु शतिगएको भन्ने किंवदन्ती समेत रहेको छ । उनैले महाकालको मन्दिर बनाएको भन्ने कुरा महाकाल स्थानमाश्रीमती सहितउनको प्रस्तर प्रतिमाले देखाउँछ । यस गुठीका अध्यक्षनन्दमहर्जन हुन् ।साथै थकालीभने नारायण महर्जन हुन् । घोडेजात्राका एक दिन अगाडि सिलचह्रेको दिनमाभोज खाने चलन रहेको छ ।

### ३.१.२.२ महाकालीमहाभैरव दुवाल गुठि

यो गुठि गुठि संस्थानमादर्ता भएको पुरानो गुठि हो । यस गुठिमा वि.सं. १९०९ साल सम्मको तमसुक रहेको कुरा रबिन्द्र नेमकुलबताउनु हुन्छ । यो सबै जातजातिको सामूहिक गुठि हो । यसलाई मूल गुठि पनिभन्ने गरिन्छ ।अहिले यस गुठिको समितिको अध्यक्ष र गुठिको बहिदार रबिन्द्र नेमकुल रहनु भएको छ । हाकिमभने रामचन्द्र नेमकुल रहनु भएको छ । अहिले ४० जनाको संख्यामा यस गुठिमा सदस्यहरु रहेको भएतापनि सबै सहभागिहुने गर्दछन् तर यस गुठिले व्यवस्थापन गर्नु पर्ने हुन्छ । यो विशेष गरी पर्व सञ्चालन गुठि भएकोले पर्वको समयमा सक्रियहुने गर्दछ । गणेश कुमार भैरव र बालकुमारीको विशेष

जात्राहुने गर्दछ । बैशाखमाबालकुमारी जात्राअसारमा शेपूजा र दशैमा खड्गजात्राको लागि यो गुठि आवश्यक रहेको छ । (तस्विर ७)

### ३.१.२.३ प्वोथा गुठि

यो गुठीको गुठीघर रामढोकामा रहेको छ । यसको करिब २०० जना गुठियारहरु रहेको छ । यो पनिमहर्जनहरुको गुठी हो । तै पनि यस गुठीमा शाक्यहरु पनि गुठियारहरु रहेकाछन् । श्रीपञ्चमीमाभोज खाने यो गुठी सना गुठी हो । यो गुठीको स्थापना १९९२ साल पछि भएको देखिन्छ । यो गुठी पनि तधःगुठीबाट नै छुट्टिएर बनेको भन्ने रहेको छ ।

यहाँ पाटी निर्माण गरेको कुरा उल्लेख छ न की गुठी । यी नौ जनामिलेर तत्कालिन समयमा सतलमात्रबनाएको कुरा रहेतापनि यसैस्थानलाई गुठी घर बनाईको हुँदातत्कालिन समयमा गुठी बनेको हुन सक्ने अनुमानलगाउन सकिन्छ ।

प्वोथा गुठि नामाकरण कसरी भयो भन्ने सवालमातत्कालिन गुठीको थकालीको निधार तिर फोका हुनु पर्ने र उनलाई प्वोथाभन्ने गरेको र उनैले गुठी स्थापना गरेको हुनाले प्वोथा गुठी भएको हुन सक्ने कुरा यसै गुठिका हाकिमदशबहादुर महर्जन बताउनु हुन्छ ।

अहिले यस गुठीमा २५८ परिवार रहेको छ । तर अझै छुट्टिएर बसेकाहरु प्रवेश भइ नसकेको हुनाले सबै प्रवेश गर्दा भने २८० घर पुग्ने अनुमान रहेको छ । वर्तमानथकालि : चिरीकाजीमहर्जन,हाकिमःदशबहादुर महर्जन, बहिदारः बासुदेव महर्जन रहेका छन् । यस गुठीमा ६ जनाथकाली रहने व्यवस्था रहेको छ । उमेरको ज्येष्ठताको क्रममाथकाली रहने प्रचलन छ ।

यो गुठीले जात्राको समयमामन्दिर सफा गर्ने तथा वरपरका स्थानहरु सफा गर्ने गरेको कुरा यस गुठीका सदस्यबताउनु हुन्छ । (तस्विर नं. ८)

### ३.१.२.४. तधँमहाः गुठि

यो गुठी पिरयाँ टोलमा रहेको छ । गुठीघर महर्जनहरुको गुठीघर हो भनिन्छ पहिले यसलाई तधँबा गुठि भनिन्थ्यो तर पछि महागुठि भन्नथालियो । बाःभनेको छुट्टिएर गएको भन्ने अर्थ लाग्छ । तःगुठिबाट छुट्टिएर गएको हुनाले यसलाई बाः गुठि भनिएको भन्ने गरिन्छ ।यस गुठीमा लगभग २७५ गुठीयारहरु रहेकाछन् । गुठीका थकालीजितगोबिन्दमहर्जन हुन् । श्री

पञ्चमी र चह्रेको समयमा गुठीयारहरु भेलाभई भोजखाने चलन रहेको छ । यो गुठिको स्थापना २००२ सालमाभएको र पूनःनिर्माण २०६१ सालमाभएको देखिन्छ । तस्विर नं. ९)

### ३.१.२.५. चिधँबाः गुठिः

यो गुठि यंगाल टोलमा रहेको छ । पहिले यो पनितधःननिको तः गुठिमा नै रहेको थियो तर त्यसपछि जब तधःबा गुठि छुट्टिएर गयो त्योबाट छुट्टिएर यो गुठिको निर्माण भएको हो । यो पनि पूरानो गुठि भित्र नै पर्दछ । यसको स्थापनाकहिले भएको भन्ने बारेमा गुठियारहरुलाई थाहानभएको र पूरानो गुठि भएको जानकारी मात्रप्राप्तभएको छ । अहिले यो गुठिमा ११५ घर गुठियारहरु रहेकाछन् । यो महर्जनहरुको मात्र गुठि हो । यो छ वटा गुठिहरु मध्येको सबैभन्दा सानो गुठि हो । यहाँ७जनाथकालि रहने प्रचलन छ । त्यसै गरि हाकिम र बहिदार पनि रहने गर्दछन् ।अहिले हाकिममा रामेश्वर महर्जन हुनुहुन्छ भने बहिदारमा रामगोबिन्दमहर्जन रहनुभएको छ । यहाँअध्यक्षपनि रहेको छ भने उपाध्यक्ष, सचिव, कोषाध्यक्षको पनिव्यवस्था छ । अहिले अध्यक्षमागंगाराममहर्जन हुनुहुन्छ । उपाध्यक्षमा राधाकृष्ण महर्जन, सचिव सानोकाजीमहर्जन आदि रहेकाछन् । यो गुठिले श्रीपञ्चमीमा भैरवथानमापूजा गरेर भोज खाने गरेको छ भने घोडेजात्राको एकदिन अगाडि पनिभोज खाने गरेको छ । यसले सना गुठिको कामगर्दछ । मृतक परिवारलाई पाँचहजार दिने गरेको छ । साथै गुठियारहरु गएर जलाउनजाने मलामीहरु प्रत्येकलाई एकसय रुपैया दिने प्रचलन छ । यो गुठिले नै व्यहोर्ने गर्दछ । जात्राको समयमा गुठियार सबैले आधामानाचामल राख्नु पर्ने पुरानो प्रावधान रहेको छ ।

### ३.१.२.६. नेमकुलतःधँ गुठि (नेम्कुल ठूलो सना गुठी)

यो गुठी तः गुठीबाट छुट्टिएर बनेको गुठी हो । यसमा ३२ जवान गुठीयारहरु रहेकाछन् । जसमा ८ जनाथकालीहरु रहने व्यवस्था छ। वर्तमानको थकालीहरुमा सन्तबहादुर नेम्कुल, भिमबहादुर नेम्कुल, रामलाल नेम्कुल, सत्यबहादुर नेम्कुल, बाबुकाजी नेम्कुल, विश्वदर्शन नेम्कुल, लक्ष्मण नेम्कुल र न्हुच्छे बहादुर नेम्कुलक्रमशः रहेकाछन् ।

यस गुठीको अध्यक्षअर्थात हाकिम रामचन्द्र नेम्कुलहुन् भने बहिदार रबिन्द्र नेम्कुलहुन् ।

### ३.१.२.७. नेमकुलचिधँ गुठि

यो गुठी तधँ गुठीबाट छुट्टिएर बनेको गुठी हो । यसमा १६ जना सदस्यहरु रहेकाछन् । जसमा ज्ञानबहादुर नेम्कुलहाकिम रहेकाछन् ।

### ३.१.२.८. त्वाकः गुठि

यो गुठी तः गुठिबाट छुट्टिएका गएको गुठी हो ।

### ३.१.२.९. लतंविर गुठि

यो गुठी तः गुठिबाट छुट्टिएर गएको गुठी हो । लतम्बीरले स्थापना गरेको हुनाले यस गुठिको नामलतम्बीर गुठि रहनगएको भन्ने छ । यो महर्जनहरुको गुठि हो । यसको गुठियारहरु १८८ घर रहेको छ । कृष्ण महर्जन, रत्नबहादुर आदिथकालीहरु रहेका छन् ।

### ३.१.२.१०. शाक्य गुठि

यो गुठि यहाँकाशाक्यहरुको गुठि हो ।

### ३.१.२.११. अमात्य गुठि

अमात्यहरुको आफ्नो गुठी वि.सं. १९९३ सालमा स्थापनाभएको दस्तावेज पाइन्छ । जस अनुसार श्री श्री संवत १९९३ सा मा २७ थ म सा नु पी त । यो गुठी बिचा गुठीको रुपमा स्थापनाभएको देखिन्छ । तत्कालिन समयको ताम्रपत्र र भर्पाइहरुले यी कुराहरुलाई प्रष्ट्याएको देखिन्छ ।

यस गुठीका गुठियारहरु १२ परिवार मात्र छन् । तर पहिले २२ घर रहेको कुरा गुठियार सुरेन्द्र अमात्यबताउनु हुन्छ । थकालीको सम्बन्धमा यो गुठिको गजबको व्यवस्था छ । जहाँ नेम्कुलथकालीहुने प्रचलन छ ।पहिले पहिले नेम्कुलभान्जाखलकभएको हुनाले उनैलाई थकालीबनाउने प्रचलनबमोजिम छोराहरुमा हस्तान्तरण हुँदै अहिले ८२ वर्षीय रामकृष्ण नेम्कुलथकाली रहेकाछन् । उहाँ अघि भिमकृष्ण नेम्कुल, त्यसभन्दा अघि देवलाल नेम्कुल र त्यसभन्दापनि अगाडि मुल्मीलाल नेम्कुलथकाली रहेको कुरा रहेको छ । वार्षिक रुपमापालैपालो गुठि सञ्चालन गर्ने प्रथा रहेको छ । अहिले बहिदारको रुपमा नारायण भक्तअमात्य रहनु भएको छ । यो सनागुठीको रुपमाप्रयोग भएको गुठि हो । यो सनागुठीको

रुपमाप्रयोग भएको गुठि हो । बालाचतुर्दशीको दिनमा यो गुठिले भोज खाने गरेको छ । यसको अहिले कुनै भवन छैन तर २०३५ सालमा यस गुठिले अहिले नयाँबनाईएको वडा कार्यालय भएको स्थानलाई प्रदान गरेको कुराको लिखत समेत रहेको छ । (तस्विर नं. १०, ११, १२)

### ३.१.२.१२. तधँःश्रेष्ठ गुठि

श्रेष्ठहरुको गुठि हो ।

### ३.१.२.१३. चिधँश्रेष्ठ गुठि

यो पनिश्रेष्ठहरुको गुठि हो ।

### ३.१.२.१४. परोपकार मृत्यू संस्कार समाजः

यो २०४२/४३ सालतिर स्थापनाभएको मृत्युसंस्कार गर्ने गुठि जस्तै समाजहो । तत्कालिन समयमा गुठिले मृत्यू भएपश्चातकतिपयको शव उठाउन देखाएको उदासिनताको कारणले यो समाजको स्थापनाभएको कुरा रहेको छ । यो संस्थाको संस्थापकशिवलालमहर्जन हुन् । तत्कालिन समयमा ५/६ जनामिलेर यो संस्था स्थापना गरेका हुन । तत्कालिन समयमा मृत्यु हुने घरपरिवारले गुठि गुहार्दा गुठि ठूलो भएकोले मेरो पालो हैन, म अस्तिमात्र बसेर आएको हुँआदि जस्ता कुरा गरेपछि यो समाज स्थापनागरिएको कुरा गुठियार सह सचिवचन्द्र बहादुर महर्जन भन्नु हुन्छ ।

अहिले यस समाजमा २२ घर रहेको छ । तर छुट्टिएर गएकाहरुको भने ३८ घर रहेको छ । वर्षमा एक पटक निश्चित रकम गुठिमा राख्ने प्रचलन छ । यसमा कसैको मृत्यु भएमाफोन गरेर बोलाउने गरिन्छ । नआउनेहरुलाई जरिवाना समेत गर्ने गरेको पाइन्छ । भिन्न बसेको सबैले समाजको नियमअनिवार्य रुपमापालना गर्नु पर्दछ । मृतक परिवारलाई संस्थाले रु ५०००।- र प्रतिव्यक्ति रु २०० का दरले अनिवार्य रुपमाभुक्तानी गर्नु पर्ने नियमबनाएको छ । नयाँ सदस्यहुनकालागिभने रु २०००।- भुक्तानी गरेर मात्र सदस्यबन्नपाउने नियम रहेको छ । श्रीपञ्चमीको दिन गुठियारहरुले दामासाहीमा रकम संकलन गरी भोज खाने चलन छ । तर आयोजक घरले भने ठाउँ र पानीउपलब्ध गराएबापतकुनै मूल्यतिर्नु पर्दैन । यस अर्थमा

यो समाजको कुनै घर छैन । यहाँएकजनामात्रथकालि रहने चलनचलाएको छ । यसलाई संचालन गर्नका लागि समितिको व्यवस्थागरिएको छ ।

### ३.१.३ दाफाखल, भजनखलः

दाफाखल काठमाडौं उपत्यकामाप्रचलनमा रहेको देख्न सक्छौं । योग्य गुरुबाट संगित साधनासिक्ने परम्परा काठमाडौं उपत्यकाका नेवार वस्तीहरुमा देख्न पाउछौं । रागमाआधारित भजनहरु गाउने तथा सोहीअनुसारकोबाजाबजाउने पुरानो प्रचलनअहिले सम्म फल्चाहरुमा देख्न पाउछौं । सुरुका दिनमा गुरुसँग सिक्नकालागिपनिपहिले नाट्येश्वरको स्थानमागई पूजापाठ गर्ने अनिमात्रसिक्ने सिकाउने प्रचलन छ । त्यसैगरी सिकी सकेपछि पनि नाट्येश्वरको दर्शन गर्ने प्रचलन छ । जस अनुसार दाफाखलकाव्यक्तिहरु नजिकको नाट्येश्वरको मन्दिरमाजाने गर्दछन् । थसीको बालकुमारी मन्दिर अर्थात नित्यनाथको मन्दिरलाई नाट्येश्वरको रुपमापनिलिने गर्दछन् । त्यसअनुरुपप्रत्येक वर्ष हरेक दाफाखल यस मन्दिरमाजाने गर्दछन् र भजनगाउने गर्दछन् । एक पटक चाहिँनुवाकोटको कविलास अर्थात चाङखालाई लाथोगमाजाने गर्दछन् । यहाँपुगेर पूजापाठ गर्ने पुरानो प्रचलनहो । थसीकादाफाखलका सदस्यहरु पनिकविलास गई पुजा गर्ने प्रचलन छ । उनीहरु हिन्दु तथाबौद्ध भजनहरु गाउने गर्दछन् । यहाँ रहेका भजनखलहरु

१. मणिदाफा मंकाखल

२. तखाछें दाफाखलःधसी टोल

३. रामद्वारे भजन

४. नगरा बाजा

५. काःबाजा

६. जुगीबाजा

७. नायखिं बाजा

८. द्वारे भजन

९. सनाहर्ष दाफाखल

१०. पश्चिमा मृदंग

११. क्वेछें दाफाखल

१२. जमदार दाफा

१३. बैठक भजन

१४. चालाँसिं धिमे

१५. धर्ति धिमे

१६. धाःबाजा

प्रत्येक जात्राको समयमाबाजाबजाउने तथाभजन गर्ने प्रचलन छ ।विशेष गरी माघ पूर्णिमाको एक महिना अघि देखि र गुँलाको समयमा १ महिनाभजन गर्ने प्रचलन रहेको छ। गुँलाको समयमाभने नामसंगिती पाठ गर्ने गरेको पाइन्छ । बैशाख, सरस्वतीपूजा, गुँला, कार्त्तिक पूजा, दशैं, जनै पूर्णिमा, तथामतयाःमाबाजाबजाउने र भजन गर्ने प्रचलन रहेको कुरा भजनखलका सदस्यहरु बताउनु हुन्छ। (**तस्विर नं. १३, १४**)

## ३.२.मूर्त सँस्कृति

समाजकाभौतिककलाजन्यउत्पादनलाई सम्बर्द्धन गर्दै पछिल्ला पुस्ताहरुमा हस्तान्तरण गरिदै आएका कुराहरु मूर्त सम्पदाहरु हुन् । यसमाकलाजन्यउत्पादन, निर्माण सम्पदाहरु जस्तै भवन, धरोहर र मानवनिर्मित साँस्कृतिक रुपमा महत्वपूर्ण भौतिक वस्तुहरुलाई जनाउँछ । भौतिकवामूर्त सँस्कृतिमायहाँ रहेका मन्दिर, चैत्य, सत्तल, इनार आदिको बारेमाबयानगरिएको छ। तर, विशेष गरी अभिलेख रहेका धरोहरहरुलाई प्राथमिकतामा राखिअध्ययनगरिएको छ।

### ३.२.१. मन्दिरः

मन्दिर पवित्र स्थलहो जहाँआफ्नो भावनाको आस्था गरी देवताको पूजागरिन्छ । मूख्य गरेर हिन्दूहरुको उपसनाको स्थलमन्दिर हो । आराधनातथापूजाअर्चना गर्नका लागिनिश्चित स्थानअथवा देवस्थललाई मन्दिर भनिएको पाइन्छ। मन्दिर शब्दको शाब्दिक अर्थ घर हो । यसैले मन्दिरको अगाडि विभिन्नप्रकारका शब्दहरु जोडिएको पाउँछौं । जस्तो कि देवमन्दिर, शिवमन्दिर, देवीमन्दिर आदि । जहाँ देव, देवीकामूर्तिहरु स्थापनागरिएका हुन्छन् विशेषगरी

हिन्दूहरुले मन्दिर शब्दको बढी प्रयोग गरेको देखिन्छ तापनि सनातनधर्म, जैन धर्म, शिखधर्म र बुद्ध धर्ममापनिमन्दिरहरु रहेकाछन् ।महालक्ष्मीनगरपालिकाअन्तर्गतको वडा नं ६ स्थित थसीमाभने प्यागोडा र स्तूप शैलीका धरोहरहरु देख्न सक्दछौं ।

## ३.२.२विहारः

'विहार' शब्द संस्कृत शब्दहो । 'विहार' शब्दले 'घुम्नु' अर्थात् 'टहल्नु' भन्ने अर्थ पनि दिन्छ । 'विहरतियथार्तो विहारो' भनिएकाले मनलाई भुलाउने स्थान नै विहार हो । महायानको 'महा'शब्द जोडेर बनाइएको विहारलाई 'महाविहार' भनिन्छ । 'महा'शब्दले authorityलाई दर्शाउने गर्दछ ।

विशेषगरी विहारमा पाँचवटा कुराहरु हुनु आवश्यक हुन्छ ।

१. गन्धकुटी :जहाँभगवान बुद्धको प्रतिमा राखिएको हुन्छ । भगवान बुद्ध विराजमानभएको ठाउँमा बासनाआउने भएकाले पनियसलाई गन्धकुटी भनिएको हो । तिब्बतीमायसलाई 'ल्हाखाङ' भनिन्छ । विहारअनुसार आफ्नो आराध्यदेवलाई विराजमान गराउने चलन छ ।

२. जम्माहुने ठाउँ(Assembly Hall) :जहाँ धेरै मानिसहरु अट्ने किसिमको हुनुपर्छ । त्यस स्थानमा धर्म प्रवचनआदिकार्यहरु हुने गर्दछन् । यसले धर्म प्रवर्तनमापनिअहम् भूमिकानिर्वाह गरेको हुन्छ । यसलाई तिब्बतीभाषामा 'दुई खाङ' भनिन्छ ।

३. सभाहल(Meeting Hall):यहाँ केहीमानिसहरु भेलाभई बस्ने र दैनिककार्यक्रमकालागि सरसल्लाह गर्ने गरिन्छ ।

४. अध्ययन गर्ने ठाउँ(Study centre) :यहाँविद्यार्थीहरु पढ्ने र पढाउने गरिन्छ ।

५. ध्यान घर(Retreat House) : यो स्थान सार्वजनिक स्थानहोइन । यस स्थानमाध्यान बस्ने हुनाले सीमितव्यक्तिहरु मात्रआउनजान पाउँछन् । यसलाई तिब्बतीमा 'रिठो' भनिन्छ ।

### ३.२.२.१ सिद्धि मंगल बुद्ध विहारः

सिद्धि मंगल बुद्ध विहार थेरवादीविहार हो । यसको प्रमुखअहिले भिक्षु विमलो महास्थविर रहनु भएको छ । उहाँले म्यानमारबाट बुद्ध शिक्षाप्राप्त गर्नु भएको हो । यस विहारबाट अध्ययनकालागिश्रीलंकामा एक जनाभिक्षु जानु भएको छ । यस विहारमाविहारका प्रमुखभिक्षु विमलो महास्थविर मात्र रहनु भएको छ ।

यो विहारको सबैभन्दामाथिल्लो तलामा चैत्य छ भने साना ४३ वटा बुद्धका मुर्तिहरु राखिएका छन् भने एउटा अलि ठुलो मुर्ति राखिएको छ ।

विहारको दोस्रो तलामा एउटा ठुलो बुद्धको मूर्ति स्थापनागरिएको छ भने बाहिर पट्टि लाफिङ बुद्धको मूर्ति राखिएको छ । सो लाफिङ बुद्धको मूर्ति सोल्टी होटलले उपहार दिएको हो । सबैभन्दातल्लो तलामा ५ वटा बुद्ध मूर्तिहरु स्थापित छन् ।

हरेक दिननित्य बुद्ध पूजाहुने गर्दछ । उपासकउपासिकाहरुको आवश्यक्तानुसार परित्राण पाठ पनिहुने गर्दछ । त्यसैगरी मैत्रीपूजा, अष्टमी पूजा, औंसी पूर्णिमाको पूजा, चैत्य पूजा, चिःबहाःपूजाआदि गर्ने गरिन्छ ।

### ३.२.३ चैत्यः

चैत्य संस्कृतको “चिता” शब्दबाट व्युत्पन्नभएको शब्दहो । पालीभाषामायसलाई “चेतीय” भनिन्छ । चैत्य एक बौद्ध मन्दिर हो जसमा एउटा स्तूपपनि रहेको हुन्छ र अनिवार्य हुन्छ । चैत्यबाट नै चैत्यगृह बनेको हुन सक्दछ । चैत्यगृह ध्यानबन्दनाआदिको लागिप्रयोग हुने गर्दथ्यो । यहि चैत्यगृहको आसपासमाविहारको पनिनिर्माण गर्ने प्रचलनथियो । स्तूप संस्कृत र पाली भाषाबाट आएको शब्दहो । यो थुपबाट आएको मानिन्छ । यसको अर्थ थुप्रो भन्ने हुन्छ । वर्तुलाकारमाबनाइएको स्तूपमाबौद्ध सामाग्रीहरु राखिएका हुन्छन् । स्तूपहरु विशेषगरी चार प्रकारका हुन्छन् ।

१. उद्धेश्य स्तूपःविशेष उद्देश्यले (निर्वाण प्राप्ती) निर्माण गरिएको स्तूप

२. धर्म स्तूपःधर्म कमाउनबनाइएको स्तूप

३. परिभोगस्तूपःभगवान बुद्धको सामान राखेर तथा टेकेको जमिनमाबनाइएको स्तूप

४.धातु स्तूपःभगवान बुद्धको अस्थी राखेर बनाइएकोस्तूप, यसलाई शारिरिक पनि भनिन्छ

यस सानाागाउमाधर्मधातु जिनालंकृत चैत्यहरु अधिकांश रहेकाछन् भने एकवटा कुटागार, एक लयन चैत्य र एक पद्मज्वालावली चैत्य रहेकोछ। यसका साथै एक स्वयम्भू चैत्य समेत रहेको छ। यहाँभएकाप्रायः सबै चैत्यहरु धर्म स्तुपअर्थात धर्मकमाउनकालागि स्थापनागरिएका चैत्यहरु छन्।

### ३.२.४ **पाटी तथा सत्तलहरुः**

पाटीहरु परदेशीहरु बास बस्नको लागिबनाईको घर विशेष हो । जहाँ बटुवाहरुले खानापकाएर खाने र बास बस्ने गर्दछन् । पहिले पहिले धर्म कमाउनकालागि समेत पाटीपौवाहरु बनाईदिने प्रचलनथियो । तर पछिल्लो समयमाहोटल र मोटलहरुका कारण पाटीपौवाहरु विस्थापनको अवस्थामापुगेकाछन् । सानागाउमापनि धेरै पाटीहरु बनाईएका छन् तर पनिअधिकांश पाटीहरु घरसँगै टँसाएर बनाइएका छन् । पाटीहरुलाई अहिले भजनखल सञ्चालन गर्नका लागिप्रयोग गरेको पाइन्छ । नेवारहरु पाटीलाई फल्चाभन्ने गर्दछन् । गुँलातथाअन्य समयहरुमाभजनगाउनकालागि पाटी वाफल्चालाई प्रयोग गरेको देखिन्छ ।

### **३.२.५. सानागाउँका ढोकाहरु**

काठमाडौं उपत्यकालगायतअन्य स्थानहरुमापनिकुनै गाउँवाशहर प्रवेश गर्ने प्रवेशद्वार निर्माण गरेको देखिन्छ। तत्कालिन समयमात्यसद्वार बाहेक अन्य स्थानबाट प्रवेश गर्न सकिन्नथ्यो। सामरिक दृष्टिकोणबाट यस्ता द्वारहरु बनाईएको देखिन्छ। पाटनमा पनि चार ढोका रहेका छन्। एउटा अहिले पनिजिवित देखिन्छ। जस्तै पाटन ढोका यसको ज्वलन्तउदाहरण हो। थटीमा भएको ढोका, पूर्णचण्डी छेउमा भएको तःढोका, भोलढोका आदियसताप्रकारका ढोकाहरु देख्न पाउँछौं। यसरी नै यस स्थानमापनि ढोका रहेको कुरा यहाँका स्थानियहरुबाट सुन्न पाइन्छ तर अहिले त्यसको अस्तित्व संकटमा परेको देखिन्छ। स्थानियहरुकाअनुसार यहाँनिम्न ढोकाहरु रहेको पाइन्छ :

### ३.२.५.१. पूर्वमाःखुसि लँ ढोका

पूर्व दिशामा रहेको भनिने यो ढोकाको अहिले अस्तित्व छैन । ढोका रहेको स्थानको डोब मात्र देख्न सकिन्छ । यो पूर्वतर्फ खोलातिर जाने ढोका हो । (**तस्विर नं. १५**)

### ३.२.५.२. दक्षिणमाः राम ढोका (लाँ ढोका)

दक्षिणमा रहेको भनिने यो ढोकाको तल्लो भागको जगको केहि ढुँगाहरु देख्न सकिन्छ । तर यो पनिअहिले अस्तित्वमा छैन । देवननि देखि केहि माथिन्हुपुखुको छेउमा यो ढोका रहेको कुरा सुन्न पाइन्छ ।

### ३.२.५.३. पश्चिममाः बुद्धपोखरी र यंगल टोलको सिमानामा रहेको ढोका

यंगल टोल र बुद्धपोखरीको साँधमा ढोका थियो भन्ने गरिन्छ तर अहिले यसको नामोनिसान छैन । तर अहिले निर्माण हुँदै गरेको स्थानमा नै पहिले ढोका थियो भन्नेहरु पनि छन् । अर्थात पिरयाँ टोलको निकास रहेको स्थानमा नै ढोका रहेको भन्ने पनि रहेको छ ।

### ३.२.५.४. उत्तरमाःतधःननीवा सत्य टोलमा रहेको ढोका

तधःननिमाकहाँनिर ढोका थियो भन्ने कुरा नै पत्तालगाउँनअहिले कठिन छ । तर सत्यटोल जाने बाटोमा ढोका रहेको कुरा स्थानियहरु बताउँछन् । कतिपयले बोङ्गाआसपासमाथियो भन्ने गर्दछन् ।

### ३.२.६पोखरी

पोखरी पनि एउटा पानीको स्रोत हो । पोखरीलाई नेपालभाषमापुखु भनिन्छ । यस गाउमा सातवटा पोखरीहरु छन्–

१. न्हू पुखु, २.खाः पुखु (हालपुरिसकेको छ), ३. राजमति, ससमाज, धंसलीपुखु (हाल पुरेर पानी ट्यांकीबनाइएको छ, जुन रामढोकामाथियो), ४.भीमसेन पुखु, ५.फ्वंगापुखु, ६. गणेश पुखु (पुरेर यंगलक्लबनिर्माण गरिएको छ), ७.सःतीपुखु (२०६२ सालमा सत्य क्लबद्धारा जीर्णोद्धार गरेर पोखरीको बिचमामहादेवको प्रतिमा स्थापनागरिएको छ ।) (महर्जन २०६६)

### ३.२.७. ननि:

ननिभनेको खुलाभित्री चोक हो । यसलाई नेवारी शब्दकोशले "खनेदुगु लँचावनेगु चुक"भनेको छ । अर्थात जाने बाटो देखिएको चोक अर्थात खुला चोक । यसरी ननिमाकुनै प्रकारको संरचनानभएको ज्ञात हुन्छ । अर्थात चोकको वरिपरि संरचनाभएपनिबीचमा संरचनानभएको भन्ने अर्थ दिन्छ । त्यसकारण पनिपहिले ती चोकहरु खुलाथिएभन्ने बुझ्न सकिन्छ । थसीमा तीनवटा ननिहरु रहेकाछन् ।

#### ३.२.७.१. तधःननि:

निकै ठूलो क्षेत्रफलमा रहेकोले सायद यसलाई तधःननिभनिएको हुन सक्छ । तधःअर्थात ठूलो र ननि चोक भएकोले ठूलो चोक भन्ने अर्थ लाग्दछ । तर अहिले चोकको बीचभागमा नै भवनबनाईएको छ । तधःगुठी भवनतथानगरपालिकाको वडा कार्यालय लगायतकाभवनहरु यसै ननिमा रहेकाछन् ।

#### ३.२.७.२. पिननि:

पिशब्दले नेवारी भाषामापिनें, पिनेपाखें अर्थात बाहिर, बाहिरबाट, बाहिरतिर भन्ने अर्थ दिन्छ । यसरी हेर्दा यो ननिबाहिर तर्फको ननिभन्ने ज्ञात हुन्छ । सायद त्यससमयमा यस चोकबाट नै देश बाहिर जाने गरिन्थ्यो । तीनवटा ननिहरु मध्ये सबैभन्दा सानो ननिअथवा चोक यहिहो । यहाँ स्वयम्भू चैत्य, धर्मचक्रविहार, अमोघपास लोकेश्वरको मन्दिर, बसुन्धराको मन्दिर र एक पाटी रहेको छ । साथै यहाँ एक इनार पनिनिर्माण गरिएको छ ।

#### ३.२.७.३. देवननि:

देव अर्थात देवता र ननिअर्थात चोक । देव मन्दिरहरु रहेको चोक भएको हुनाले यस चोकलाई देवननिभनिएको हुनसक्छ । यहाँमन्दिरहरु रहेकाछन् । देवघर, भैरवको मन्दिर, गणेशको मन्दिर, नित्यनाथको मन्दिर तथा सिद्धेश्वर महादेवको मन्दिर रहेको यो चोक अलि ठूलो छ । यस चोकको नजिकै क्वाठ समेत रहेको छ । तत्कालिन समयमायहि क्वाठमा

दरबार रहेको हुन सक्ने अनुमान सम्म लगाउन सकिन्छ । किनकीअहिले पनित्यहाँ रहेको एक स्थानलाई क्वाठ भनिभन्ने गरेको पाइन्छ ।

### ३.२.८ इनारः

साधारणत ईनार एउटा पानीको स्रोत हो । यो हरेक चोकमापाउन सकिन्छ । यस गाउँमा ईनारहरु धेरै मात्रामापाउन सकिन्छ । यसले के बुझ्न सकिन्छ भने यहाँकामानिसहरुले प्राचिन समयमाआफ्नो घरायसीकामअथवापिउनकालागि ईनारको पानीप्रयोग गरेको देखिन्छ । यहाँजम्मासोह्रवटा ईनारहरु रहेको पाईन्छ । यस गाउँमापाईएका ईनारहरु मध्ये गछे टोलको इनार ( वि.सं. १९८० साल) प्रमाणिक रुपमा पूरानो इनार रहेतापनि यस गाउँका स्थानियअनुसार धःसि टोलको इनार १०० वर्ष पुरानो रहेको र यस ईनारलाई वि.सं. २०४७सालमा जिर्णोद्धार गरेको स्थानियलेबताउनु भएको छ । यहाँपाईएका ईनारहरुमा ने.सं. १०५३ (यंगाल टोल), वि.सं. २०१२ साल (छाउनी टोल), वि.सं. २०१६ साल (यंगाल टोल), वि.सं. २०१८ साल (छाउनी टोल) र वि.सं. २०२६ साल (ग्वारा खेल) निर्माण गरेको पाईन्छ । यहाँपाइएका ईनारहरु मध्येवि.सं. २०१८ सालमा राजा महेन्द्रको पालामाजिल्लाविकास र जन सहयोगमानिर्माण गरेको पाईन्छ ।

# अध्यायतीन

# अभिलेखको वर्णन

सानागाउँ क्षेत्रले सानो भएतापनियहाँ धेरै अभिलेखहरु पाईएको छ । यस गाउँमा भेटिएका अभिलेखहरुलाई निम्नानुसार वर्णन गरिएको छः

## १. मन्दिरका आधारमा अभिलेखहरु

मन्दिर पवित्र स्थलहो जहाँआफ्नो भावनाको आस्था गरी देवताको पूजागरिन्छ । मूख्य गरेर हिन्दूहरुको उपसनाको स्थलमन्दिर हो । आराधनातथापूजाअर्चना गर्नका लागिनिश्चित स्थानअथवा देवस्थललाई मन्दिर भनिएको पाइन्छ । मन्दिर शब्दको शाब्दिक अर्थ घर हो । यसैले मन्दिरको अगाडि विभिन्नप्रकारका शब्दहरु जोडिएको पाउँछौं । जस्तो कि देवमन्दिर, शिवमन्दिर, देवीमन्दिर आदि । जहाँ देव, देवीकामूर्तिहरु स्थापनागरिएका हुन्छन् विशेषगरी हिन्दूहरुले मन्दिर शब्दको बढी प्रयोग गरेको देखिन्छ तापनि सनातनधर्म, जैन धर्म, शिखधर्म र बुद्ध धर्ममापनिमन्दिरहरु रहेकाछन् । सानो गाउँभएतापनियहाँ धेरै मन्दिरहरु पाउन सक्छौ जसमा धेरै अभिलेखहरु पाईएका छन् ।

### १.१ नासः द्यो (नाट्येश्वर) र बालकुमारी देवननी टोल

देवननी टोलमा रहेको नासः द्योअर्थात नाट्येश्वरको मन्दिरमा ऐतिहासिक दस्तावेजको रुपमादुईवटा शिलालेखहरु रहेकाछन् । मन्दिरको दायाँबाहिरी भित्तामा पुरानो शिलालेख छ ।

यो शिलालेख पढ्न मिल्ने अवस्थामा रहेतापनिहालयसको शिलाको टुक्राहरु फुटेको पाईन्छ । यो प्रचलितलिपिमापाउन सकिन्छ । अर्को मन्दिरको प्रवेशद्धारको दायाँतर्फ सिहनिर रहेको छ जुन देवनागरीलिपिमा रहेको छ यो शिलालेखको दायाँबायाँ छेउका टुका फुटेको भेटिन्छ । यो शिलालेखको माथिभागको दायाँबायाँमाचन्द्र सूर्य छ भने बिचमा चैत्यको आकृतिकुदिएको छ । (तस्विर नं. १६)

### १.२भैरव थानः भैल द्यः

देवननी टोलको यो मन्दिर पुरानो मन्दिर हो । शिलालेखले यस मन्दिरलाई महाभैरव भनेको छ । यस मन्दिरमा जम्मा ६ वटा अभिलेख पाउन सकिन्छ । तीन वटा ताम्रपात्र, एउटा काठको अभिलेख र दुई वटा शिलालेख छन् । ३ वटा ताम्रपत्र मध्ये मन्दिर प्रवेशद्धारको दायाँमा २ वटा ताम्रपत्र र वायाँमा १ ताम्रपत्र रहेको छ । ती ताम्रपत्रहरुमा खैरो रङ्ग लगाएको पाईन्छ । हाल सम्म यो पढ्न सकिने अवस्थामा रहेको छ । २ वटा शिलापत्रमा एउटा मन्दिरको भित्रपट्टि मुख्य देवताको दायाँमा छ भने अर्को मन्दिरको बाहिरको वायाँ भिट्टामा रहेको छ । यो अभिलेख पनि पढ्न सकिने अवस्थामा रहेको पाईन्छ । यसमा भेटिएका सम्पूर्ण अभिलेखहरु प्रचलित लिपिमा रहेका छन् । काठमा पाईएको अभिलेख हाल पाताले मोदिएका कारण यो अभिलेख छोपिएको छ । (तस्विर नं. १७)

### १.३देवननिको गणेश मन्दिर

यस गणेश मन्दिरमाजम्मा सात वटा अभिलेखहरु छन् । ताम्रपत्रमात्रै चार वटा रहेकाछन् भने तिन वटा शिलालेख रहेका छन् । ताम्रपत्रहरु र शिलालेखहरुको प्रवेशद्धारको दायाँवायाँ भेट्न सकिन्छ जसमा एउटा शिलालेख र ताम्रपत्रनयाँ रहेको छ । तीन वटा ताम्रपत्रहरु र दुई वटा शिलालेखहरु प्रचलितलिपिमा रहेको छ । यहाँको अभिलेखहरु कुनै पढ्न सकिने अवस्थामा रहेको छ भने कुनै नसक्ने अवस्थामा रहेको छ । (तस्विर नं. १८)

### १.४ भिमसेन (भिन्द्यो)

भिमसेन टोल (पिरयाँ टोल)को यो मन्दिर सानो मन्दिर हो । मन्दिरको दायाँपट्टिको अगाडिको भागमा एउटा ने.सं.१०७६ मा स्थापना गरेको घण्ट पनि रहेको छ । शिलालेख फुटेको हुनाले सबै पढ्न सकिने अवस्थामा छैन । मन्दिरको भित्र पट्टि शिलालेख मन्दिरको मूल देवतासँगै

राखिएको छ । यो शिलालेख प्रचलितलिपिमा रहेको छ । यहाँपाईएको लिपिमा सम्वतको उल्लेख गरिएको छैन ।

### १.५तधःननीको सानो मन्दिर

यो मन्दिर खुल्लामन्दिर रहेको छ जसमा सानो मूर्तिहरु स्थापनागरिएको छ । यो मन्दिरमाजम्मातिन वटा शिलालेख रहेको छ । जसमादुईवटा मन्दिरको तल्लो भागमा रहेको छ भने एउटा मन्दिरको बायाँभिट्टाको तल्लो भागमा रहेको छ । बायाँभिट्टामा रहेको शिलालेखमाकुनैपनि सम्वतउल्लेख गरिएको छैन । यस शिलालेखमामाथिभागको दायाँबायाँचन्द्र सूर्य छ भने बीचको भागमा चैत्य रहेको छ । अर्को शिलालेखमामाथिल्लो भागमाकुनै तस्विर कुदिएको नभएतापनितल्लो भागमा नौ जनामानिसहरु घुडा टेकेर नमस्ते गरेको तस्विर कुदिएको छ । अगाडि रहेकादुईशिलालेखहरु प्रचलितलिपिमा रहेका छन् भने दायाँभिट्टामा रहेको एउटा शिलालेख देवनागरीलिपिमा रहेको छ ।(तस्विर नं. १९)

## २. चैत्य

चैत्यहरु धेरै मात्रामापाइएका कारण यहाँहिन्दु धर्म मात्रनभईबौद्ध धर्मावलम्बी समेत रहेको पुष्टि गर्छ । यस ठाउँमाकुल २१ वटा चैत्यहरु छन् तिमध्ये १६ वटाकोमात्रशिलालेख भेटिएको छ ।

### २.१ यंगल टोलको चैत्य

बाटोको बीचमा रहेको यस चैत्यमापाइएको शीलापत्रको माथीश्री गणेश, मन्जुश्री तथामहाकालको आधाफुटको मूर्ति स्थापनागरिएको छ ।यस शिलालेखमा स्थापनाकर्ताः गणेश महर्जन, स्थापनामितिःवि.सं. २०११ सालफागुन, त्रिवस्तु सम्बत १०९५ उल्लेखितछ । यो नेवारी लिपिमा रहेको छ । यो पाटीको भित्रिपर्खालमा रहेको छ ।

### २.२ गछें (इगमुग) टोलको चैत्य

यो चैत्यमा छाना लगाई राखिएको छ । त्यसैगरि पन्चबुद्धको ठीक मुनिलोकेश्वरका मूर्ति र कुनामावज्र तथा दोस्रो तल्लाको कुनामा सिंहको मूर्ति राखिएको छ ।यो चैत्यको तल्लो भागमाशिलालेख प्राप्त गर्न सकिन्छ जसमा स्थापनाकर्ताः नारानज्यापू, स्थापनामितिः २०१२ साल बैशाख १ गते बुधबार भनी उल्लेख गरेको छ ।

## २.३ चिवहाः टोलको चैत्य

यो चैत्यको शिलालेखमा स्थापना गर्ने व्यक्तिनीर मानज्यापू र यसको स्थापनामिति १९९९ सालमाभएको उल्लेख गरेको छ । प्रत्येक वर्षको शिवरात्रीको चार दिन पछिको दिनमा पूजापाठ होम गर्ने रअर्को दशैंको कोजाग्रत पूर्णिमाको दिनमापूजा गर्ने प्रचलन रहेको पाईन्छ ।

## २.४ छाउनी टोलको चैत्य

यो चैत्य बाटोको छेउमा रहेको छ । यो चैत्यको शिलालेख अनुसार यसको स्थापनाकर्ता ज्ञान सिं ज्यापू, पृतिज्यापू,स्थापितवि.सं. २०११ साल र छोरा नातीहरुको नाम समेत उल्लेख गरेको छ । यो चैत्यमाप्रत्येक वर्षको फाल्गुनशुक्लद्वितीयाको दिन पूजापाठ होम गर्ने गर्दछ ।

## २.५ छाउनी टोलको चैत्य

यहाँचैत्यमा नै शिलापत्र रहेको छ । यससँगै यसको पाटी र पौवापनि रहेको छ । शिलालेखको अनुसार वि.सं. २०३१ साल माघ १८ गतेदशमीकादिनयसको स्थापनागरिएिको पाइन्छ । यहाँ धेरै जनाको नामउल्लेख गरिएको छ । एका पट्टि चिरीमाँ, पूनमायालगायतको नामउल्लेख गरिएको छ । यसमापशुपतिनाथ (शिवलिङ्ग) समेत स्थापना गरेको कुरा उल्लेख छ ।

## २.६ खुसिलँको चैत्य

यो चैत्य बाटोकोपूर्व दिशामा बाटोको छेउमा रहेको छ । यसमावज्रधातु मण्डला राखिएको छ । वज्रधातु मण्डलामाथि वज्र राखिएको छ । साथमा नारायणको मूर्ति र गणेशको मूर्ति पनि स्थापनागरिएको छ । गणेशको सानो मूर्ति वि.सं २०५५ साल बैशाख १ गते स्थापनागरिएको र नारायणको मूर्ति वि.सं २०५६ सालमा स्थापना गरेकोउल्लेखित छ । शिलापत्रमावि.सं. २०५२ सालफागुन २२गतेमंगलबार पूर्णिमाको दिनचालसिं महर्जन र सानुमैयाँमहर्जनबाट स्थापना गरेको उल्लेख छ ।

## २.७ल्याव टोल, रामढोकाको चैत्य

यो कुनै चोकमानभई व्यक्तिको घर अगाडि स्थापनागरिएको छ । साथै यहाँपुग्नको लागिअलि कठिन छ । यो चैत्यवि.सं २०४६ सालफागुन १२ गते स्थापनागरिएको हो । संस्थापकको नाममानातीमहर्जन र पुतलीमहर्जन भनिशिलालेखमाउल्लेख गरिएको छ ।

### २.८ न्हु पुखु (देवननी टोल)को चैत्य

यो चैत्य  देवननीको नासःद्यो मन्दिर र पोखरीको बीचमा रहेको छ । तुलनात्मक रुपमाअलि ठूलो र न्हु पुखुको नजिक रहेको छ । यसको शिलापत्रनासःद्योको अगाडि राखिएको छ । यसको निर्माण वि.सं. २०११ अर्थात ने.सं.१०७५ माभएको कुरा उक्तशिलालेखमाउल्लेख गरिएको छ ।

### २.९ शिद्धेश्वर माःद्यः(देवननि)को चैत्य

यो चैत्य गणेश मन्दिर र भैरव मन्दिरको पछाडि शिद्धेश्वरसंगै रहेको चैत्य हो । यस चैत्यको शिलालेख चैत्य नजिकै गाडिएको पाइन्छ । यो चैत्य ने.सं. १०९५ अर्थातवि.सं २०११ मा स्थापनागरिएको हो । यो दिवंगतपिताकोसम्झनामा स्थापनागरिएको हो । यस अर्थमा यो धर्म कमाउन स्थापित चैत्य हो ।

### २.१० भिन्द्यो मन्दिरको चैत्य

यो चैत्य भिन्द्योमन्दिर नजिक एउटा सानो चोकमा रहेको छ । शिलालेखमा चैत्यको विवरण गरिएको छ जसमा ने.सं. १०९८ अर्थातवि.सं. २०३५ सात बैशाख २ गते शनिबार स्थापनागरिएको भनिउल्लेख गरिएको छ ।

### २.११ पिःननीको चैत्य

पिननी टोलमा रहेको स्वयम्भू चैत्यमापाइएको शिला स्तम्भमाउल्लेख भएअनुसार धर्मधातु मण्डलाको स्थापना १९९५ सालअसार १४ गते राखिएको छभनेयसमादानपतिको मूर्ति सहितदानपतिहरु हर्षलालज्यापु र दसथकु ज्यापुको नामउल्लेख गरिएको छ ।(तस्विर नं. २०)

### २.१२ वरपाचोको चैत्य

यो टोल सानागाउँभन्दाअलि टाढा रहेको छ । यस टोलमापूजा गर्न चैत्य नभएको हुँदा स्थापनागरिएको भन्ने रहेको छ । साथै गणेश, नारायण, शिवलिङ्ग र सरस्वतीको मूर्ति समेत सँगसँगै रहेको छ । यस चैत्यमा रहेको शिलालेखमा चैत्यको स्थापनावि.सं २०५७ साल चैत्र १० गतेचन्हेको दिनउल्लेखित छ । सिल्थकु महर्जन, गणेश बहादुर महर्जन लगायत७४ जनाको सहभागितामा यो चैत्यको स्थापनागरिएको भनि यस शिलापत्रमाजनाइएको छ ।

## २.१३ चनाचोको चैत्य

यो सानागाउँको मूख्य वस्ती भन्दा टाढा रहेको चैत्य हो । यसमा छत बनाई राखिएको छ । चारै कुनामाचतुरमहाराजको तस्विर झुण्ड्याई राखिएको छ । जसमापूर्वमा विणाराज, दक्षिणमा ध्वजराज, पश्चिममा खड्गराज र उत्तरमा चैत्यराज राखिएको छ । यसमा रहेको शिलालेखमावि.सं २०४५ फागुन १६ गते सोमबार माघ कृष्णपक्ष सप्तमीकादिन स्थापनागरिएको र रामेश्वर महर्जन र श्रीमति न्हुच्छेमायामहर्जनले सो चैत्य बनाएको भनिउल्लेख गरेको पाइन्छ ।

## २.१४ चोल्चाको चैत्य

यो चैत्य सिद्धिपुरको सबै भन्दातल्लो भागमा रहेको चैत्य हो । यो व्यक्तिको घर अगाडि बनाईएको चैत्य हो । यस चैत्यको स्थापनावि.सं २०७० फागुन १४ गतेको दिनगरिएको उल्लेख गरिएको छ ।

## २.१५ तधःननीको चैत्य

यो चैत्य कुटागार शैलीमानिर्माण गरिएको एकमात्र चैत्य हो । यस चैत्यमाधर्मधातु मण्डला छैन । चैत्यको माथिल्लो भागमा पञ्चबुद्ध राखिने ठाउँका मूर्तिहरु हराएका छन् । यो चैत्यलाई निकै समय अगाडि जिर्णोद्धार गरेको देखिन्छ । चैत्यको तल्लो भागको पेटीमा पूर्व प्रचलितलिपिमा लेखिएको शिलालेख देखिन्छ र पढ्न सकिने अवस्थामा रहेतापनिशिलालेखको माथिल्लो भाग फुटिएकोले पढ्न सकिदैन । शिलालेखमाकुनै मिति उल्लेख गरिएको पाइदैन ।(तस्विर नं. २१)

## २.१६ तधःननीको चैत्य

यहाँका स्थानियकाअनुसार मच्छिन्द्रनाथको जात्रागाःवहालमाआई पुगेको दिनहोम गरि पूजापाठ गर्ने प्रचलन रहेको छ किनकीउक्तदिन यस चैत्यको स्थापनागरिएको थियो । अर्को क्वाटी पुन्हीको दिनमापूजा गर्ने चलन छ । यसमापहिले वज्राचार्यहरु बोलाई पूजा गर्ने प्रचलनथियो तर अहिले थकालीले नै पूजा गर्ने चलन रहेको छ। यसमा चैत्यको पछाडि दुई पतिपत्नीको मूर्ति राखिएको छ भने सो मूर्तिको पछाडि शिलापत्र रहेको छ। यो शिलालेख प्रचलितलिपिमा रहेको पाइन्छ । यो अभिलेख हाल सम्म पढ्न सकिने अवस्थामा रहेको पाइन्छ। यस शिलालखको माथिल्लो भागमाचन्द्र र सूर्य कुदिएको छ।

३. **पाटी** (**फल्चा**)

पाटीहरु विशेष गरेर बास बस्नका लागिअथवाआराम गर्नका लागिबनाइएका घर हुन्। नेवार शब्दमा पाटीलाई फल्चाभन्ने गरिन्छ । यस ठाँउमा जम्मागरेर १८ वटा फल्चाहरु छन् जस्मा हाल १७ वटा मात्रपाउन सकिन्छ । सत्र वटा पाटीहरु मध्येपनिबाह्र वटामा मात्र अभिलेखहरु पाइएको छ।

### ३.१ फोंगासको पाटी

पहिले यस स्थानमा पाटी नभई अलि पर रहेको र एक महिलादिलमायामहर्जन र उनकी छोरी सन्त महर्जनले धर्मतस्विर उत्पन्नभएकोले स्वं विष्णु गोविन्दमहर्जनको सम्झनामा रु ९,००,०००/- खर्च गरी वि.सं २०६८ साल बैशाख १ गते निर्माण सम्पन्न गरेको शिलापत्र पाटीमा राखिएको छ। यसको कुनै भजनखल छैन।

### ३.२यंगल टोलको पाटी

यो पाटी ने.सं. १०६१ मानिर्माण गरेको देखिन्छ । निर्माणकर्ता मुनिलाल र उनको श्रीमतीमाथकुका छोराहरु हस्त बहादुर र पदमबहादुर भनिशिलापत्रमाउल्लेख छ । यंगल टोलको बाटोको बीचमा रहेको यो पाटी बृद्धबृद्धाहरुका लागिआराम गरेर बस्नका लागिउत्तम देखिन्छ। यो पाटी हाल पुरातत्वविभागले जिर्णोदार गरिएको पाइन्छ।

### ३.३ यंगल टोलको पाटी

यो पाटीको बिचमाशीलालेख रहेका पाईन्छ । यसमा रहेको शिलालेख पढ्न सकिने अवस्थामा रहेको छ । यो शिलालेख पाटीको बीचमा रहेको छ । यसमा रहेको शिलालेख

प्रचलितलिपिमा र नेवारी भाषामा रहेको छ । यो शिलालेखको माथिल्लो भागमादायाँबायाँचन्द्र छ भने बिचमा चैत्य कुदिएको छ ।

### ३.४ यंगल टोलको पाटी

यो पाटीमा तीनवटा शिलालेखहरु रहेकाछन् । अभिलेखहरु पाटीको दायाँवायाँ अगाडिको भिट्टामा छ भने अर्को एउटा पाटीको बायाँभिट्टामा रहेको छ । दुईवटा शिलालेख अलि पढ्न सकिएतापनिअर्को शिलालेख भने पढ्न नसकिने अवस्थामा छ । बाहिरी भाग चैत्यपट्टि फर्केको एउटा सानो शिलालेख राम्ररी पढ्न सकिने र यसको माथिल्लो भागको दायाँबायाँचन्द्र सूर्य छ भने विचमा चैत्य रहेको पाईन्छ । अर्को बाटो तिर फर्केको शिलालेखमा रङ्ग गरिएको कारण माथि र तलको अक्षर केहि नबुझ्ने रहेको पाईन्छ । यहाँपाईएका अभिलेखहरु प्रचलितलिपिमा रहेको छ ।

### ३.५. यंगल टोलको पाटी

यो पाटी वि.सं.१९६१ मा स्थापना गरेको कुरा त्यहाँ रहेको एक प्रमाण पत्रमाउल्लेख छ । पहिले यो पाटी काठको बनाईएको तर पछि भूईँचालोले ध्वस्त बनाएपछि सिमेन्टले पाटी बनाईएको छ ।

### ३.६. इगमुग (गछें) टोलको पाटी

यो पाटी कहिले बनाईएको भन्ने कुरा थाहापाउन कठिन छ । तर वि.सं १९९० सालको भूकम्पले भत्काएको कुरा त्यहाँ रहेको शिलालेखबाट थाहा हुन्छ किनकीवि.सं १९९२ सालमानिर्माण गरिएको सँगैको चैत्यको शिलालेख यसै पाटीमा राखिएकोछ । अर्थात त्यही समयमा जिर्णोद्धार गरिएको अनुमानलगाउन सकिन्छ । त्यसकारण जिर्णोद्धार भने वि.सं १९९२ सालमागरिएको थियो भन्नेकुरा प्रष्ट हुन्छ । यो अहिले सम्म पनि काठको खम्बाहरु राखीबनाइएको अवस्थामा छ । अगाडि चारवटा खम्बाहरु रहेकाछन् भने ठूला काठहरु भएको दलिन देख्न सकिन्छ । यो पाटीको छाना जस्ताको छ । साथै माथिल्लो तल्लालाई केहि वर्ष अगाडि मात्र जिणोद्धार गरेको देखिन्छ । अरु फल्चा जस्तै यसको पनि पछाडि घरको भित्ता नै रहेको छ । फल्चाको बारेमाकुनै शिलालेख पाईएन ।

### ३.७धःसि टोलको पाटी

यहाँअति सुन्दर फल्चा रहेको छ । यति सम्म कि यस फल्चाको भित्ताको तल्लो भागमापार्केटिङ समेत गरिएको छ । पाटीको ठीक बिचमाशिलालेख रहेको छ । यसलाई राम्ररी पढ्न मिल्ने अवस्थामा रहेको पाईन्छ । यस अभिलेख प्रचलितलिपिमा रहेको छ । यो शिलालेखकामाथिल्लो भागमाचन्द्रसूर्य र बिचमाकलशकुदिएको छ ।

### ३.८ गछैँको पाटी

यो काठबाट बनाईएको पुरानो पाटी हो । वि.सं २०१७ सालमानिर्माण गरिएको यो पाटीकोखम्बाहरु कलात्मक रहेका छन् । त्यस समयसम्म यस ठाउँमा रातीबास बस्ने तथा पैदल यात्रा गरेर काठमाडौं जाने र थसीव्यापारिक केन्द्र थियो भन्ने अड्कललगाउन सकिन्छ ।

### ३.९ रामढोका धसि टोल

कृष्णजात्राको समयमामात्र यो फल्चाको प्रयोग हुन्छ । यसको स्थापना ने.सं.१०१० सालफागुन १४ गते मंगलबार भएको देखिन्छ । यसलाई केहि समय अघिमात्र जिर्णोद्धार गरेको देखिन्छ ।

### ३.१० देवननि टोलको पाटी

भैरव थाननजिकै रहेको यो पाटीमा नगरा बाजाखलःले बाजाबजाउने गरेको कुरा स्थानीयहरु बताउने गर्दछन् । यो राम्रो अवस्थामा रहेको पाटी हो । यसको निर्माण कहिले भएको थियो भन्ने थाहानभएपनि जिणोद्धार गरेको मितिउल्लेख गरिएको छ । जस अनुसार यसलाई देवननि टोल सुधार समितिले वि.सं २०६० साल बैशाख १ गते ईँटा ओछ्याई राखेको कुरा उल्लेख छ ।

### ३.११ ताहाः सतः देवननि टोलको पाटी

देवननि टोलको पूर्वपट्टि हालसालै निर्माण सम्पन्नभएको एक सत्तल छ । यो कलात्मक ढंगबाट निर्माण गरिएको छ । क्वाठसँगै रहेको यो सत्तल राम्रो छ । यसको उद्घाटन वि.सं २०७६ सालकार्तिक ३० गते शनिबारका दिननगरपालिकाका मेयर रामेश्वर श्रेष्ठले गर्नु भएको ताम्रपत्र रहेको छ । लुमन्तिआवासकालागि सहयोग समूह, दिदीबहिनी

साकोस,ताहाःसतःनिर्माण उपभोक्ता कमिटि र महालक्ष्मी न.पा.६ सिद्धिपुर ललितपुरको संयुक्त प्रयासबाट यस सत्तलको निर्माण गरेको कुरा त्यहाँ रहेको ताम्रपत्रमाउल्लेख छ ।

यो सत्तल तत्कालिन समयको सबैभन्दा ठूलो सत्तल हुनु पर्दछ किनकीनाम नै ठूलो सत्तल भन्ने छ । तर अहिले त्यति ठूलो सत्तल भने निर्माण भएको छैन । पहिले पहिले गाउँलेहरु बीच झगडा पर्दा झुट बोलेको जस्तो लागेमाताफलेमा लगेर बोल्न लगाउँने प्रचलन रहेको कुरा स्थानियहरु बताउँछन् । यस ठाउँमा झुठो बोल्न नहुने भएकोले यस सतलमा लैजाने गरेको कुरा स्थानीयहरु बताउँछन । तर अहिले यो कार्य प्रचलनमा छैन । यसले तत्कालिन रजौटाको कचहरि जस्तो देखाउँछ ।

### ३.१२ पिननि टोलको पाटी

यो फल्चा ऐतिहासिक देखिन्छ । यसलाई धर्मचक्रफल्चापनिभन्ने गरेको पाईन्छ ।यो पाटीको दायाँ पटिको भिट्टाको तल्लो भागमाशिलालेख रहेको पाइन्छ । यो शिलालेख आंशिक रुपमामात्र पढ्न सकिने र यो प्रचलिततलिपि र नेपालभाषामा रहको छ ।

### ३.१३ ढुंगाल टोलको फल्चा

यो फल्चाअहिले अस्तित्वमा छैन । तर यहाँफल्चाथियो भन्ने कुरा शिलालेखले उल्लेख गरेको छ । अहिले शिलापत्रपनि छैन । तर मध्यकालका अभिलेख, धनवज्र बज्राचायको पुस्तकमायसको अभिलेख पाईन्छ । अहिले यो सबै नयाँ रुपमा रहेको छ ।

# अध्याय चार

# अभिलेखको अनुवाद

सानागाउँमापाइएकाथुप्रै अभिलेखहरु मध्ये सय वर्ष पूरानापच्चिसवटा अभिलेखहरुको लिप्यान्तर र त्यसको अनुवादगरिएको छ । प्राप्त अभिलेखहरु मध्ये चारवटा अभिलेख धनबज्र बज्राचार्यद्धारा अनुवादित छ भने बाँकी स्वयमं अनुसन्धकर्ताद्धारा अनुवादगरिएको छ ।संकलित अभिलेखकको अध्ययनको आधारमा सानागाउँको इतिहास ३४५ वर्ष पुरानो देखिन्छ ।

## १. देवननिटोल नित्यनाथका देवलमा रहेको शिलापत्र (तस्विर नं.२२)

## मूलपाठ

१. श्री कौमाच्चै नमः ॥ मयूर कुस्कुटासृतं महाशक्तिधरे नघे कौमा-

२. री रुपसंघाने नारायणी नमोस्तु ते ॥श्रीयोस्तु सम्वत् ८२६

३. वैशाखशुक्लः ॥द्वितीयात्तिथौ कृतिकानक्षत्रे ॥ सौभाग्य

४. योगे ॥जथाकरन मुहुर्तके ॥शनैश्चर वासरे ॥ मेषरासि-

५. गते सविती ॥ मेषरासिगते चन्द्रमासि ॥थ्वकुन्हु श्रीयसि दे-

६. शयाश्री कौमारि सके शनैश्वर बारसेवा, जुस्यपूजायाङा

७. थंसिदेशस अतनयिङा देवरि दयकाव प्याषण

८. हुयका देवयाकं ........ अतन चेङा ॥ ॥ थ्वते याङा

९. या शनैश्चरं बारसेवायानायक - थंसिं देशतवनति

१०. कृष्णसिं भावो जयन राजभावो जयणसिंह भावो

११. छेम्होय सूर्य्यसिं भावो रामदाशभावो - कमरसिं

१२. भावो रामदेव भावो कसरामभावो, मोनसिंमा-

१३. वो, मनिसिंह भावो सिद्धिरामभावो, विन्हु सिं भा-

१४. वो, देवरामाभावो वसुरामभावो गुमिराम

१५. भावो, ग्याणदेव भावो धनदेव भावो थ्वजि-

१६. म पुहम समूहनयाङा जुरो ॥ ॥ शभमस्तुः

१७. चिङागुरि सेनकुसा पंचमाहापाप राक

१८. जुरो ॥ ० ॥

(स्रोत : धनबज्र बज्राचार्य, मध्यकालिन अभिलेख)

**भावनुवाद**

सम्वत ८२६ बैशाखशुक्ल द्धितिय तिथि कृतिकानक्षत्रशनिवारका दिन यस थसी देशका कौमारीको पूजा गरी स्थापनाका साथै यस थसि देशमाशनिवार सेवाकानायक कृष्णसिं भावो जयन राजभावो जयणसिंह भावो छेम्होय सूर्य्यसिं भावो रामदाशभावो - कमरसिं भावो रामदेव भावो कसरामभावो, मोनसिंमावो, मनिसिंह भावो सिद्धिरामभावो, विन्हु सिं भावो, देवरामाभावो वसुरामभावो गुमिरामभावो, ग्याणदेव भावो धनदेव भावो गरि जम्मादशजनाको समूहबनाइ सम्पन्नगरियो । शुभम् अस्तु । यसलाई कसैल विगारेमापंचमाहापापलाग्नेछ ।( स्रोत : मोहनकुमार तामाङ)

व्याख्या: सानागाउँको देवननी टोलमा कौमारी अथवाबालकुमारीको मन्दिर भावोहरुले स्थापना गरेको भन्ने देखिन्छ । भारोहरु राज्यकापदाधिकारीहरु र भावोहरु सर्वसाधारण जनताहरु भएकोले यो मन्दिरको निर्माण सरोकारवालाजनताहरुले निर्माण गरेको कुरा देखाउँदछ । ने.सं ८२६ भन्नाले वि.सं. १७६३ हुन्छ तत्कालिन समयमा पाटनको राजालोक प्रकाशमल्ल या इन्द्रमल्लको पालामानिर्माण गरिएको देखिन्छ । तत्कालिन समयमाभजनखलहरु धेरै स्थापननाभएका र सोहि कुरालाई अगाडि बढाउनका लागि समेत यसको निर्माण भएको हो कि भन्ने लाग्दछ किनभने यस मन्दिरलाई स्थानीयहरु नासद्यःभनेर पूजा गर्ने गर्दछन् ।

## २.**देननिटोल महाकाल देवलको अभिलेख**

### **२.१ भित्रीमन्दिरको (तस्विर नं. २३)**

**मूलपाठ**

१. श्रेयो**S**स्तु । सम्वत् ८१३ माघकृष्ण । त्रयो-

२. दस्यान्तिथौ ॥ ध ६ पर धनष्ठा नक्षेत्रे ॥

३. वुधवासरे ॥ध्वकुन्हु, श्री ३ माहाकार भ-

४. तार कास देवर दस्यं: जवषवध्वज त-

५. स्यं प्रतिष्ठायाङानदिन जुरो छेकभ्ठित

६. गुणराजभावो, श्री जोगिदेवजुश, माहा-

७. मुणिजु, सुषुरिदेव, गंगासिं, चिता या-

८. कसा रामदासःविश्वः विष्णुसिंः मो-

९. ससिं धर्म्मदासः रामदेवःविश्व-

१०. सिंः आदिरामःउत्नसिंः त्यत्नचा

११. जगदेवःशिवराम ॥थ्वते प्रमि-

१२. सतनश्री ३ गणेशक सेवा जोय

१३. मतकालण दयका जुरो ॥शुभ ॥

(स्रोत : धनबज्र बज्राचार्य, मध्यकालिन अभिलेख)

### भावनुवाद

यस शिलालेखमादायाँबायाँध्वजा गुणराजभावो लगायतले चढाएको कुरा उल्लेखितछ । ( धनवज्र बज्राचार्य, मध्यकालका अभिलेख)

## २.२.बाहिरी बायाँभित्ताको मन्दिरको अभिलेख (तस्विर नं. २४)

### मूलपाठ

१. सम्वत ८२३ मार्ग ....................मि ॥ रो

२. हिणी नक्षत्र ॥ सोम वाल ॥थ्वकुन्हु थसि देसदव

३.लने निय..गृह॥ द मतु श्री श्री माहाकालप्रीतिनः

४. दू यका जरो ॥श्री श्री मारिला राधिपतिश्री श्री जोगनलेन्द्र ।

५. मल्लप्रभु थाकुलस ॥भागिनी महि नखह स्वहस्त न दुन्ता

६. १०४मा चार पक्ष ॥थ्व वर्षा नन मेंषसकाकिह्व

७. थ्वकुर्कु ॥ वेकन प्रस्तछि १ यामत छायक माल ॥ संक्रातिकुनु

८. हान पित ॥सियाकल २ राग्त २ कदुलाथ्वहं फ थ्वते दान

९. विजे ॥ केतकिस्वानसशुकि १ तनेमाल । थ्वतहदान रे

१०. नो गुथितारो परिस्यरभो पेमाल ॥वानु सया (..)गु वो

११. रसा देवयाके पूजायायमाल ॥ म(..) सा मूमाल ॥

१२. थ्व चोयातयथ्यं वषप्रतिदायकय जात्र माल ॥थ्वतेवा

१३. दूतायासा छि पुरम गगां सिहभावो हषू ॥ ॐ ॥शुभां ॥

१४. प्रनमान कैसुया कल्याण सिहभारो ॥भात्रपुत्र ज

१५. य कृष्ण भारो ॥

(स्रोत : नयननाथपौडेल र आफै)

**भावनुवाद**

सम्वत् ८२३ मंसिर महिना रोहिनीनक्षत्र सोमबार यो दिनथसी देशमा रहेको श्री महाकालप्रतिप्रितिजागेर श्री श्री योगनरेन्द्र मल्लप्रभुले यो कलश राखेको हो । श्रीमति सहित समूहकाहरुले बुबाहालका १०४पक्षभइ यो …………माभत्केको हो ।त्यसपछि त्यसलाई एक वर्ष पछि बनाउनु पर्यो । संक्रातिमा फेरी भत्कियो । त्यसलाई बनाउनदानदियो । अन्य रकमपनि राख्नु पर्यो । त्यहिँदान गुठियारहरुले दिइ देवताको पूजा गर्नुपर्यो ।केहि तिर्न पर्यो । यो लेख्न पनिपर्यो । यो राख्ने हामीगंगासिहभावो । ॐ शुभम । प्रमानित गर्ने कल्याण सिहभारो । ताडपत्र जय कृष्ण भारो ।(स्रोत : मोहनकुमार तामाङ)

व्याख्या: यो अभिलेख जगततेन्द्र मल्लको पालामा राखिएको भन्ने रहेको छ । तत्कालिन समयमा पाटनका राजा योग नरेन्द्र मल्लथिए । उनको पालामा यो मन्दिरको जिर्णोद्धार गरिएको देखिन्छ । यो मन्दिरको जिर्णोद्धारमा सरकारी भाइभारदारहरुको संलग्नता देखिन्छ ।

तत्कालिन समयमाभारोहरु सरकारी व्यक्तिहरु भएकोले राज्यद्वारा यसको जिर्णोद्धार भएको देखिन्छ । साथै गुठियारहरुको समेत संलग्नता देखिन्छ ।

## २.३. देननिटोल महाकाल देवलको ताम्रपत्र (तस्विर  नं. २५)

**मूलपाठ**

१. श्री ॐ

२. ॐ श्री ३ भैरावायनम ॥शुभ सम्वत १००८ चेत मास्या

३. शुक्लपक्ष परेवातीथोप्र पूर्व फाल्गुणी नक्षत्र : धनीजाम

४. मंगलबार : थ्वोषुहदश्री ३ माहाकाल भैरव पृनोनन्नी

५. सीधीपुर नगरया कास्यपगोत्रन्यकुर्मा : भारो : जावय

६. कु : पुत्र रामशंकर : पुत्रमे हेरमानः छयेचा जीजमेहेर

७. महीवाजावामाया : महीचाक्षह्म माया : थोमजनमा

८. धर्म चीतजुयावथी ३ माहाकाल भैरव या देगहा

९ दुने लीलमाचालान्ह चोसंको त्समाग्रर्ली प्रीतीयानाज

१०. लाथ्वत्वोहात संतातहोसयात सायंचमार्हा पापकला

११. हरो शुभ

(स्रोत : नयननाथपौडेल र आफै)

**भावनुवाद**

